# आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
२०७९, कार्तिक

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ (४) को व्यवस्था बमोजिम प्रकाशित

# बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रकाशकः

प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश

आर्थिक वर्षः २०७८/७९

© प्रतिलिपि अधिकार

प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश

**प्रकाशन मितिः** कार्तिक, २०७९

मुद्रण प्रतिः

Email: moea@sudurpashchim.gov.np

URL: www.moeap.sudurpashchim.gov.np

फोनः ०९१-४२०१०७

# प्राक्कथन

आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनको वार्षिक बजेट कार्यान्वयनको यथार्थ स्थिति, प्राप्त मुख्य उपलब्धिहरू, बेरुजुको अवस्था, चुनौती र खर्च लगायतका विवरणहरूलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७६/७७ को अन्तिम चौमासिकबाट सुरु भई चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म पनि कोभिड-१९ कायमै रहेको, खरिद नियमावलीमा भएको संशोधन र निर्माण व्यवसायीहरूबाट गरिएको निर्माण होलिडे र निर्माण सामग्रीको उच्च मूल्यवृद्धि जस्ता कारणले प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन प्रत्यक्ष रूपमा प्रभावित भएको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारबाट विनियोजन भएको रु. ३३ अर्ब ३८ करोड १३ लाख ४८ हजार मध्ये चालुतर्फ ६३.५३, पुँजीगततर्फ ७५.२२ गरी जम्मा ६८.८३ प्रतिशत बजेट खर्च र ९३.०३ प्रतिशतले स्रोत व्यवस्थापन भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजार विनियोजन भएकोमा चालुतर्फ ७२.०७ प्रतिशत र पुँजीगततर्फ ६७.६९ प्रतिशत समेत गरी जम्मा ६८.८१ प्रतिशत बजेट खर्च तथा १००.३७ प्रतिशत स्रोत व्यवस्थापन भएको थियो ।

सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण तथा अन्य आर्थिक गतिविधिहरूलाई व्यवस्थित गरी समग्र बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ जारी गरिएको छ। जसबाट बजेट तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन प्रकृया थप सरल, सहज, व्यवस्थित एवम् प्रभावकारी हुन गई निर्धारित समय, परिमाण, लागत र गुणस्तरमा आयोजना तथा कार्यक्रम सम्पन्न गर्न सघाउ पुग्ने देखिन्छ। सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमाको प्रकृयामा रहेको छ।

अन्त्यमा, यो प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै मन्त्रालय तथा निकायका पदाधिकारी तथा कर्मचारीहरू र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनु हुने यस मन्त्रालयका सचिव लगायत सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रकाश रावल

(मन्त्री)

आर्थिक मामिला मन्त्रालय

## मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा

१) प्रस्तुत बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदनमा प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरूको वित्तीय विवरण र वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समावेश गरिएको छ।

२) सम्बन्धित मन्त्रालय, सचिवालय र निकायले उपलब्ध गराएका तथ्याङ्क, प्रगति एवम् सोसँग सम्बन्धित विवरणका अतिरिक्त खर्चका सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क समेतका आधारमा आय व्यय विवरण प्रस्तुत गरिएको छ।

३) प्रदेश गौरवका आयोजनाहरूको प्रगति विवरण पनि यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

४) प्रदेश सरकारबाट गत आर्थिक वर्षमा स्थानीय तहहरूलाई प्रवाह गरिएको वित्तीय हस्तान्तरण (समानीकरण, समपूरक र विशेष अनुदान) को विवरण प्रस्तुत गरिएको छ।

५) सुदूरपश्चिम प्रदेश सरकार र सुदूरपश्चिम प्रदेशका ८८ वटा स्थानीय तहहरूको अहिलेसम्मको बेरुजुको अवस्था पनि यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश

# विषयसूची

**परिच्छेद - १ परिचय** ........ **१**
१.१ समीक्षाको पृष्ठभूमि र सीमा ........ १
१.२ बजेट र कार्यान्वयन स्थिति ........ १
१.२.१ नेपाल सरकारको बजेट र कार्यान्वयन अवस्था ........ १
१.२.२ प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था ........ २
१.२.२.१ प्रदेश सञ्चित कोष ........ २
१.२.२.२ प्रदेश आन्तरिक ऋण ........ ३
१.२.२.३ प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन ........ ३
१.३ सुदूरपश्चिम प्रदेश सरकारको हालसम्मको बेरुजुको अवस्था ........ ३
१.३.१ अद्यावधिक बेरुजु ........ ३
१.४ सुदूरपश्चिम प्रदेशका स्थानीय तहको बेरुजु ........ ४
**परिच्छेद - २ बजेट खर्चको विश्लेषण** ........ **६**
२.१ वार्षिक बजेट विनियोजन र खर्चको विवरण ........ ६
२.२ मन्त्रालयगत खर्चको विवरण ........ ७
२.३ स्रोतगत खर्चको विवरण ........ ११
२.४ विगत आर्थिक वर्षको खर्चको तुलना ........ १५
२.५ कार्यगत आधारमा खर्चको स्थिति ........ १६
२.६ प्राथमिकताका आधारमा खर्चको स्थिति ........ १८
२.७ रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति ........ १९
२.८ दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति ........ १९
२.९ खर्च शीर्षकगतको स्थिति ........ २०
**परिच्छेद - ३ स्रोत व्यवस्थापन विश्लेषण** ........ **४४**
३.१ स्रोत व्यवस्थापन ........ ४४
**परिच्छेद - ४ अन्तर सरकारी वित्तीय हस्तान्तरण** ........ **४६**
४.१ प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण ........ ४६
४.१.१ वित्तीय समानीकरण अनुदान ........ ४६
४.१.२ सशर्त अनुदान ........ ४६
४.१.३ विशेष अनुदान ........ ४६
४.१.४ समपूरक अनुदान ........ ४६
**परिच्छेद - ५ वित्तीय क्षेत्र विश्लेषण** ........ **४८**
**परिच्छेद - ६ मन्त्रालयगत प्रगति विवरण** ........ **४९**
६.१ प्रदेश व्यवस्थापिका ........ ४९
६.१.१ वित्तीय विवरण ........ ४९

६.१.२ प्रमुख उपलब्धि ........ ४९
६.२ प्रदेश लोक सेवा आयोग ........ ५०
६.२.१ वित्तीय विवरण ........ ५०
६.२.२ प्रमुख उपलब्धि ........ ५१
६.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ५९
६.३.१ वित्तीय विवरण ........ ५९
६.३.२ प्रमुख उपलब्धि ........ ५९
६.४. आर्थिक मामिला मन्त्रालय ........ ६१
६.४.१ वित्तीय विवरण ........ ६१
६.४.२ प्रमुख उपलब्धि ........ ६१
६.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ ६४
६.५.१ वित्तीय विवरण ........ ६४
६.५.२ प्रमुख उपलब्धि ........ ६४
६.६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ ७०
६.६.१ वित्तीय विवरण ........ ७०
६.६.२ प्रमुख उपलब्धि ........ ७०
६.७ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ ८०
६.७.१ वित्तीय विवरण ........ ८०
६.७.२ प्रमुख उपलब्धि ........ ८०
६.८ भौतिक पूर्वाधार विकास मन्त्रालय ........ ८३
६.८.१ वित्तीय विवरण ........ ८३
६.८.२ प्रमुख उपलब्धि ........ ८३
६.९ सामाजिक विकास मन्त्रालय ........ ८५
६.९.१ वित्तीय विवरण ........ ८५
६.९.२ प्रमुख उपलब्धि ........ ८६
६.१० प्रदेश नीति तथा योजना आयोग ........ ११२
६.१०.१ वित्तीय विवरण ........ ११२
६.१०.२ प्रमुख उपलब्धि ........ ११३
**परिच्छेद – ७ समस्या, चुनौती तथा भावी कार्यदिशा ........ ११४**
७.१ समस्या र चुनौती ........ ११४
७.१.१ समस्याहरू ........ ११४
७.१.२ चुनौतीहरू ........ ११५
७.२ भावी कार्यदिशा ........ ११६
**अनुसूची–१ प्रदेश गौरवका आयोजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था ........ ११८**

# तालिकाहरूको सूची


तालिकाः १ सुदूरपश्चिम प्रदेशको हालसम्मको बेरुजु.................................................. ३
तालिकाः २ सुदूरपश्चिम प्रदेशको अद्यावधिक बेरुजु ................................................. ४
तालिकाः ३ सुदूरपश्चिम प्रदेशका स्थानीय तहको बेरुजु ............................................. ४
तालिकाः ४ बार्षिक बजेट विनियोजन र खर्च.......................................................... ६
तालिकाः ५ निकायगत विनियोजन र खर्च ............................................................ ७
तालिकाः ६ स्रोतगत खर्चको विवरण .................................................................११
तालिकाः ७ खर्चको तुलनात्मक विवरण............................................................. १५
तालिकाः ८ कार्यगत खर्चको विवरण .................................................................१६
तालिकाः ९ प्राथमिकताका आधारमा खर्चको विवरण ...............................................१८
तालिकाः १० रणनीतिक स्तम्भहरूको आधारमा खर्चको ..........................................१९
तालिकाः ११ दिगो विकास लक्ष्यको आधारमा खर्चको विवरण .................................१९
तालिकाः १२ शीर्षकगत खर्चको विवरण ........................................................... २१
तालिकाः १३ आ.व. २०७८/७९ को स्रोतको अनुमान र यथार्थ आय ...................... ४४
तालिकाः १४ प्रदेश व्यवस्थापिकाको समीक्षा अवधिमा भएको खर्चको विवरण ................४९
तालिकाः १५ प्रदेश लोक सेवा आयोगमा विनियोजन गरिएको खुद बजेट र वार्षिक खर्चको विवरण ..........................................................................................५०
तालिकाः १६ विभिन्न सेवा, समूह, उपसमूह र तहका स्वीकृत पाठ्यक्रमहरूको विवरण........ ५१
तालिकाः १७ विभिन्न सेवा, समूह, उपसमूह र तहका विज्ञापन भएका पदहरूको विवरण.......५५
तालिकाः १८ विभिन्न सेवा, समूह, उपसमूह र तहका प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी कार्यको विवरण.............................................................................. ५६
तालिकाः १९ विभिन्न सेवा, समूह, उपसमूह र तहका प्रकाशित विज्ञापनको परीक्षा कार्यक्रमको विवरण..............................................................................५७
तालिकाः २० मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण ..............................................................................५९
तालिकाः २१ आर्थिक मामिला मन्त्रालयको खुद बजेट र समीक्षा अवधिमा भएको खर्चको विवरण ..........................................................................................६१
तालिकाः २२ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण ..........................................................................६४
तालिकाः २३ वन क्षेत्र तर्फका उपलब्धिको विवरण.............................................. ६५
तालिकाः २४ भू संरक्षण क्षेत्र तर्फका उपलब्धि.................................................. ६६
तालिकाः २५ पर्यटन क्षेत्र तर्फका उपलब्धि....................................................... ६७

तालिकाः २६ उद्योग दर्ता तथा नवीकरण सम्बन्धी विवरण ........................................ ६७
तालिकाः २७ उद्यमशिलता तालिमबाट लाभान्वित जनसंख्या विवरण ............................. ६८
तालिकाः २८ प्रविधि हस्तान्तरण सम्बन्धी विवरण ................................................ ६८
तालिकाः २९ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण ........................................................................ ७०
तालिकाः ३० कृषि ज्ञान केन्द्रमार्फत संचालित मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमको प्रगति........................................................................ ७१
तालिकाः ३१ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू मार्फत संचालित मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमको प्रगति......................... ७२
तालिकाः ३२ आ.व. २०७८/७९ मा ब्लक विकास कार्यक्रमका लागि विनियोजित बजेट र खर्चको अवस्था ........................................................................ ७३
तालिकाः ३३ आ.व. २०७८/७९ मा ब्लक विकास कार्यक्रमका लागि विनियोजित बजेट र खर्चको अवस्था ........................................................................ ७३
तालिकाः ३४ कृषि तर्फ संचालित ब्लक विकास कार्यक्रम........................................ ७३
तालिकाः ३५ पशुपन्छी तथा मत्स्य तर्फ संचालित ब्लक विकास कार्यक्रम.................... ७४
तालिकाः ३६ कृषि ऋणको व्याज, भन्सार शुल्क तथा विद्युत महशुलमा अनुदान कार्यक्रम .. ७५
तालिकाः ३७ साना सिंचाई पूर्वाधार निर्माण कार्यक्रम............................................ ७५
तालिकाः ३८ जलवायु मैत्री नमुना गाउँ कार्यक्रम ................................................ ७६
तालिकाः ३९ मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम........................................ ७६
तालिकाः ४० कृषि उद्यमशिलता विकास कार्यक्रम.................................................. ७७
तालिकाः ४१ अन्य कार्यक्रमहरूको विवरण ........................................................ ७८
तालिकाः ४२ आन्तरिक मामिला तथा कानून मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण ........................................................................ ८०
तालिकाः ४३ भौतिक पूर्वाधार विकास मन्त्रालयको समीक्षा अवधिसम्मको वित्तीय विवरण ... ८३
तालिकाः ४४ समीक्षा अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि........... ८३
तालिकाः ४५ सामाजिक विकास मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण ........................................................................ ८६
तालिकाः ४६ शिक्षा क्षेत्र तर्फका मुख्य मुख्य उपलव्धि ........................................... ८६
तालिकाः ४७ उच्च शिक्षा तर्फ भएका मुख्य मुख्य उपलब्धि........................................ ९०
तालिकाः ४८ सामाजिक विकास तर्फ भएका उपलब्धि .............................................. ९२
तालिकाः ४९ स्वास्थ्य तर्फ भएका प्रमुख उपलव्धि.................................................. ९७
तालिकाः ५० भाषा तथा संस्कृतितर्फ भएका उपलव्धि.............................................१०४
तालिकाः ५१ खेलकुद तर्फ भएका उपलव्धि........................................................१०४
तालिकाः ५२ युवा परिषद अन्तर्गत भएका उपलब्धि...............................................१०६

तालिकाः ५३ श्रम तथा रोजगार ........................................................................१०८
तालिकाः ५४ सिप विकास तालिम अन्तर्गत नियमित तथा अपग्रेड तालिम सम्बन्धी विवरण ..१११
तालिकाः ५५ प्रदेश नीति तथा योजना आयोगलाई विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण ........................................................................११२
तालिकाः ५६ प्रदेश सरकारबाट सुरु गरेका एवम् हाल कार्यान्वयनमा रहेका प्रदेश गौरवका सडक आयोजनाको विवरण........................................................................ ११८

## चित्रहरूको सूची

चित्रः १ आर्थिक वर्ष २०७७/७८ मा सुदूरपश्चिम प्रदेशको बेरुजु प्रतिशत........................५
चित्रः २ कुल विनियोजन र खर्चको तुलनात्मक अवस्था..............................................६
चित्रः ३ मन्त्रालय/निकायगत खर्चको भार..........................................................११
चित्रः ४ आर्थिक वर्ष २०७८/७९ को स्रोतगत खुद विनियोजन र खर्च.........................१४
चित्रः ५ वार्षिक विनियोजन र खर्चको तुलनात्मक चार्ट..............................................१६
चित्रः ६ स्रोत अनुमान र यथार्त आयको विवरण....................................................४५

# परिच्छेद - १
# परिचय

## १.१ समीक्षाको पृष्ठभूमि र सीमा

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ मा "बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको चार महिनाभित्र राजस्व, खर्च र आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान (समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) का साथै वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणहरू सार्वजनिक गर्नुपर्ने" व्यवस्था बमोजिम आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरिएको छ। प्रस्तुत समीक्षामा आर्थिक वर्षको प्रमुख नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति, मन्त्रालय तथा निकायगत खर्चको विवरण, मन्त्रालयहरूबाट कार्यान्वयनमा रहेका मुख्य-मुख्य कार्यक्रमको भौतिक र वित्तीय प्रगति, कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका चुनौतीहरू, र आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू समेतको विवरण प्रस्तुत गरिएको छ। यसका साथै अघिल्ला दुई आर्थिक वर्षहरूको सोही अवधिको प्रगति विवरणसँग गत आर्थिक वर्षको प्रगतिलाई तुलना समेत गरिएको छ। वित्तीय क्षेत्र विश्लेषण अन्तर्गत हाल प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी क्षेत्रसँग सम्बन्धित विवरण मात्र समावेश गरिएको छ।

## १.२ बजेट र कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०७८/७९ को लागि प्रदेश सरकारबाट कुल रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजार बजेट विनियोजन भएको थियो। विश्वव्यापी महामारीको रूपमा देखा परेको कोभिड-१९ ले विश्व र क्षेत्रीय अर्थतन्त्रसंगै मुलुकको आर्थिक तथा सामाजिक अवस्थामा गम्भीर प्रभाव पारेको थियो। आर्थिक वर्ष २०७६/७७ को अन्तिम चौमासिकबाट सुरु भई आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनासम्म पनि कोभिड-१९ कायमै रहेको, खरिद नियमावलीमा भएको संशोधन र निर्माण व्यवसायीहरूबाट गरिएको निर्माण होलिडे र निर्माण सामग्रीको उच्च मूल्यवृद्धि जस्ता कारणले प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन प्रत्यक्ष रूपमा प्रभावित भएको थियो।

### १.२.१ नेपाल सरकारको बजेट र कार्यान्वयन अवस्था

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहले आर्थिक वर्ष २०७८/७९ को बजेट निर्माण गरी कार्यान्वयन गरिसकेका छन्।

महालेखा नियन्त्रक कार्यालयको वेबसाइटमार्फत प्रकाशित हुने दैनिक बजेटरी तुलनात्मक विश्लेषण अनुसार आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारको कुल विनियोजन रू. १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख रहेकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रू. १२ खर्ब ९६ अर्ब २४ करोड ४७ लाख खर्च भई कुल विनियोजनको ७९.३९ प्रतिशत रकम खर्च भएको छ। विनियोजन भएको शीर्षकगत रकममध्ये चालुतर्फ ९०.२५ प्रतिशत, पुँजीगततर्फ ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ६२.५० प्रतिशत खर्च भएको थियो । त्यसैगरी राजस्व संकलनतर्फ रू. ११ खर्ब ८० अर्ब ६० करोड ४ लाख राजस्व संकलन हुने अनुमान गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रू. १० खर्ब ६७ अर्ब ९५ करोड ८५ लाख संकलन भई लक्ष्यको करिब ९०.४६ प्रतिशत राजस्व संकलन भएको थियो।

### १.२.२ प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था

नेपालको संविधानको भाग १६ (धारा २०३ देखि २१३) मा प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ। संविधानतः प्रदेश सरकारलाई कानूनबमोजिम प्रदेश भित्रको कर प्रणाली, ऋण व्यवस्थापन, सञ्चित कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, खर्च व्यवस्थापन, विभिन्न कोषहरूको सञ्चालन गर्ने लगायतको क्षेत्राधिकार रहेको छ। ती क्षेत्रहरूको विषयमा देहाय बमोजिम छुट्टाछुट्टै उल्लेख गरिएको छ।

#### १.२.२.१ प्रदेश सञ्चित कोष

आर्थिक वर्ष २०७८/७९ मा रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजार कुल विनियोजन गरिएको र सो विनियोजनका लागि आन्तरिक राजस्वबाट रू. १ अर्ब ८ करोड ३० लाख २१ हजार, संघीय सरकारबाट प्राप्त हुने अनुदानबाट रू. १४ अर्ब ६० करोड ४८ लाख १० हजार, बाँडफाँट भई प्राप्त हुने राजस्वबाट रू. ७ अर्ब ९२ करोड ९१ लाख, रोयल्टीबापत प्राप्त हुने रू. ३ करोड ९४ लाख ६३ हजार र गत आर्थिक वर्षको नगद मौज्दातबाट रू. ६ अर्ब ६८ करोड ३० लाख ६१ हजार स्रोत परिचालन गर्ने लक्ष्य राखिएको थियो। समीक्षा अवधिमा संघीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ रू. १५ अर्ब ६३ करोड ४७ लाख २६ हजार, राजस्व बाँडफाँटबाट रू. ७ अर्ब ७७ करोड ७२ लाख ६६ हजार, आन्तरिक राजस्व संकलनबाट रू. १ अर्ब ३१ करोड ८५ लाख ३७ हजार, रोयल्टीबाट रु. ४ करोड २ लाख २१ हजार र गत आर्थिक वर्षको नगद मौज्दातबाट रू. ५ अर्ब ६८ करोड ११ लाख ३५ हजार गरी जम्मा रू. ३० अर्ब ४५ करोड १८ लाख ८५ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको थियो। गत आर्थिक वर्षको अन्त्यसम्ममा रू. २० अर्ब ८७ करोड ६१ लाख ३० हजार खर्च भएको र संघीय सरकारको अनुदानमा प्राप्त रकममध्ये खर्च नभई बचत भएको (समानीकरण बाहेक) रकम रु. २ अर्ब ४२ करोड १२ लाख ५५ हजार नेपाल सरकारको सञ्चित कोषमा दाखिल गरिएकोले रू. ७ अर्ब १५ करोड ४५ लाख प्रदेश सञ्चित कोषमा नगद मौज्दात रहेको छ।

प्रदेश सरकारले व्यवस्थापन तथा सञ्चालन गरेका सुदूरपश्चिम प्रदेश विपद् व्यवस्थापन कोषमा रू. २५ करोड ५५ लाख २२ हजार, सुदूरपश्चिम प्रदेश कोरोना भाईरस रोगको जोखिम नियन्त्रण

उपचार तथा व्यवस्थापन कोषमा रू. १ करोड १२ लाख ७ हजार र सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषमा रु. १ अर्ब गरी कुल रू. १ अर्ब २६ करोड ६७ लाख २९ हजार समेत प्रदेश सञ्चित कोषमा मौज्दात रहेको थियो।

### १.२.२.२ प्रदेश आन्तरिक ऋण

प्रदेश सरकारले हालसम्म आन्तरिक ऋण परिचालन गर्नुपर्ने अवस्था सिर्जना भएको छैन।

### १.२.२.३ प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन

नेपालको संविधानले प्रदेश सरकारको वित्तीय क्षेत्राधिकार अन्तर्गत नेपाल राष्ट्र बैंकको नीति अनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोगलाई समावेश गरेको छ। प्रदेश सरकारको क्षेत्राधिकारमध्ये सहकारी क्षेत्रलाई मात्र आफ्नो कार्यक्षेत्र अन्तर्गत समेट्न सकेको छ। हाल प्रदेशको क्षेत्राधिकारभित्र कुल ३०१ वटा सहकारी संस्थाहरू रहेका छन्। उल्लिखित सहकारीमा कुल निक्षेप रू. २ अर्ब ६७ करोड १८ लाख २५ हजार रहेको देखिन्छ भने लगानी रू. ३ अर्ब ४० करोड २८ हजार भएको देखिन्छ। यी सहकारी संस्थाहरूमा १६६०१ महिला र २७२४१ पुरुष गरी कुल ४३८९० जना शेयर सदस्य रहेका छन्।

## १.३ सुदूरपश्चिम प्रदेश सरकारको हालसम्मको बेरुजुको अवस्था

महालेखा परीक्षकको कार्यालयले सुदूरपश्चिम प्रदेश सरकार र मातहतका १६३ कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा गरेको खर्च रकम रु. ३५ अर्ब ४९ करोड ७९ लाखको लेखा परीक्षण सम्पन्न गरी ५९ औं प्रतिवेदन सार्वजनिक गरेको छ। उक्त प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेश सरकार र मातहतका कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा गरेको कुल खर्चमध्ये पेस्की रकम सहित २.१८ प्रतिशत र पेस्कीबाहेक १.३६ रकम बेरुजु देखाएको छ।

**तालिकाः १ सुदूरपश्चिम प्रदेशको हालसम्मको बेरुजु (रु. लाखमा)**

| प्रदेश | लेखापरीक्षण गरिएको कार्यालय संख्या | लेखापरीक्षण रकम | कुल बेरुजु रकम | पेस्की बाहेक बेरुजु रकम | बेरुजु प्रतिशत | पेस्की बाहेक बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | १६३ | ३५४९७९ | ७७२१ | ४८४२ | २.१८ | १.३६ |

*स्रोत महालेखा परीक्षकको उनान्साठीऔं वार्षिक प्रतिवेदन, २०७९*

### १.३.१ अद्यावधिक बेरुजु

प्रदेश सरकार र मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रु. १ अर्ब २३ करोड ३ लाख रहेकोमा सम्परीक्षणबाट रु. ४५ करोड ३२ लाख फर्स्योट भई रु. ७७ करोड ७१ लाख बाँकी रहेको र यो वर्ष रु. ७७ करोड २१ लाख थप भई अद्यावधिक

बेरुजु रु. १ अर्ब ५४ करोड ९२ लाख रहेको छ। सो रकममा रु. ३७ करोड ५६ लाख पेस्की रहेको छ।

**तालिकाः २ सुदूरपश्चिम प्रदेशको अद्यावधिक बेरुजु (रु. लाखमा)**

| प्रदेश | गत सम्मको बाँकी | सम्परीक्षण | बाँकी | यो वर्षको थप | जम्मा बाँकी | बेरुजु बाँकीमध्ये पेस्की |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | १२३०३ | ४५३२ | ७७७१ | ७७२१ | १५४९२ | ३७५६ |

*स्रोत महालेखा परीक्षकको उनान्साठीऔं वार्षिक प्रतिवेदन, २०७९*

## १.४ सुदूरपश्चिम प्रदेशका स्थानीय तहको बेरुजु

महालेखा परीक्षकको कार्यालयले सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहले आर्थिक वर्ष २०७७/७८ मा गरेको खर्च रु.१ खर्ब ९ अर्ब ४५ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न गरी ५९ औं प्रतिवेदन सार्वजनिक गरेको छ। उक्त प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशका स्थानीय तहले आर्थिक वर्ष २०७७/७८ मा गरेको कुल खर्चमध्ये लेखापरीक्षण अंकको तुलनामा बेरूजु २.८० प्रतिशत र पेस्की बाहेक २.३८ प्रतिशत बेरुजु देखाएको छ।

**तालिकाः ३ सुदूरपश्चिम प्रदेशका स्थानीय तहको बेरुजु (रु. लाखमा)**

| प्रदेश | लेखापरीक्षण गरिएको स्थानीय तह संख्या | लेखापरीक्षण रकम | म्याद नाघेको पेस्कीसमेत बेरुजु | बेरुजुमध्ये पेस्की रकम | लेखा परीक्षणको तुलनामा बेरुजु प्रतिशत | पेस्की बाहेक बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | ८८ | १०९४५३० | ३०६९८ | ४६९७ | २.८० | २.३८ |

*स्रोत महालेखा परीक्षकको उनान्साठीऔं वार्षिक प्रतिवेदन, २०७९*

चित्रः १ आर्थिक वर्ष २०७७/७८ मा सुदूरपश्चिम प्रदेशको बेरुजु प्रतिशत



# परिच्छेद - २
# बजेट खर्चको विश्लेषण

## २.१ वार्षिक बजेट विनियोजन र खर्चको विवरण

आर्थिक वर्ष २०७८/७९ मा सुदूरपश्चिम प्रदेश सरकारबाट विनियोजन गरिएको सुरु विनियोजन र समीक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

**तालिकाः ४ वार्षिक बजेट विनियोजन र खर्च (रू. हजारमा)**

| क्र.सं. | शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १२३८५४०३ | ८९२५९३९ | ७२.०७ |
| २ | पुँजीगत | १७६५४०५२ | ११९५०१९१ | ६७.६९ |
| ३ | वित्तीय व्यवस्था | ३००००० | ० | ०.०० |
| जम्मा | | ३०३३९४५५ | २०८७६१३० | ६८.८१ |

आर्थिक वर्ष २०७८/७९ मा विनियोजन भएको कुल रकम रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजारमध्ये गत आर्थिक वर्षको अन्त्यसम्ममा चालुतर्फ ८ अर्ब ९२ करोड ५९ लाख ३९ हजार अर्थात् विनियोजनको तुलनामा ७२.०७ प्रतिशत, पुँजीगततर्फ ११ अर्ब ९५ करोड १ लाख ९० हजार अर्थात् विनियोजनको तुलनामा ६७.६९ प्रतिशत गरी कुल रू. २० अर्ब ८७ करोड ६१ लाख ३० हजार अर्थात् कुल विनियोजनको तुलनामा ६८.८१ प्रतिशत खर्च भएको थियो।

उल्लेखित विनियोजन र खर्चलाई तलको चित्रमा देखाइएको छ।

चित्रः २ कुल विनियोजन र खर्चको तुलनात्मक अवस्था



## २.२ मन्त्रालयगत खर्चको विवरण

आर्थिक वर्ष २०७८/७९ मा मन्त्रालय तथा निकायको लागि विनियोजित खुद बजेट र समीक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ।

**तालिकाः ५ निकायगत विनियोजन र खर्च (रू. हजारमा)**

| मन्त्रालय/निकाय | विवरण | चालु | पुँजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश व्यवस्थापिका | विनियोजन | १७६४६१ | ११३५० | | १८७८११ |
| | थपघट | २०६४ | ० | | २०६४ |
| | जम्मा विनियोजन | १७८५२५ | ११३५० | | १८९८७५ |
| | खर्च | १३१३०७ | १०४८७ | | १४१७९४ |
| | खर्च प्रतिशत | ७३.५५ | ९२.४० | | ७४.६८ |
| प्रदेश लोकसेवा आयोग | विनियोजन | ८०४५४ | १४८८५ | | ९५३३९ |
| | थपघट | -७८० | १२०० | | ४२० |
| | जम्मा विनियोजन | ७९६७४ | १६०८५ | | ९५७५९ |
| | खर्च | ३८०६५ | १२३०५ | | ५०३७० |
| | खर्च प्रतिशत | ४७.७८ | ७६.५० | | ५२.६० |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विनियोजन | ३६३७९९ | १०८६४२५ | | १४५०२२४ |
| | थपघट | -५६८२५ | -९९८६१७ | | -१०५५४४२ |
| | जम्मा विनियोजन | ३०६९७४ | ८७८०८ | | ३९४७८२ |
| | खर्च | १६३५४६ | २८७४९ | | १९२२९५ |
| | खर्च प्रतिशत | ५३.२८ | ३२.७४ | | ४८.७१ |
| आर्थिक मामिला मन्त्रालय | विनियोजन | २१७८८६ | ८५४३७ | | ३०३३२३ |
| | थपघट | ९९०० | ४६४० | | १४५४० |
| | जम्मा विनियोजन | २२७७८६ | ९००७७ | | ३१७८६३ |

| मन्त्रालय/निकाय | विवरण | चालु | पुंजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|
| | खर्च | ८४०३८ | ४२४६३ | | १२६५०१ |
| | खर्च प्रतिशत | ३६.८९ | ४७.१४ | | ३९.८० |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | विनियोजन | ९१२०३२ | १२०१८०९ | | २११३८४१ |
| | थपघट | ४०१५७ | १०५७९३ | | १४५९५० |
| | जम्मा विनियोजन | ९५२१८९ | १३०७६०२ | | २२५९७९१ |
| | खर्च | ६६७१६७ | १०६०५९५ | | १७२७७६२ |
| | खर्च प्रतिशत | ७०.०७ | ८१.११ | | ७६.४६ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | विनियोजन | २५७८३४५ | २५७३११ | | २८३५६५६ |
| | थपघट | २६२०२ | ५६६२१ | | ८२८२३ |
| | जम्मा विनियोजन | २६०४५४७ | ३१३९३२ | | २९१८४७९ |
| | खर्च | १९९४३२९ | २१५४०० | | २२०९७२९ |
| | खर्च प्रतिशत | ७६.५७ | ६८.६१ | | ७५.७२ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | विनियोजन | १२७६२६ | ३००९४० | | ४२८५६६ |
| | थपघट | २५४९८२ | २४९०० | | २७९८८२ |
| | जम्मा विनियोजन | ३८२६०८ | ३२५८४० | | ७०८४४८ |
| | खर्च | ३३१५८९ | २११२१० | | ५४२७९९ |
| | खर्च प्रतिशत | ८६.६७ | ६४.८२ | | ७६.६२ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | विनियोजन | ३९३६१५ | ११३६४७६६ | | ११७५८३८१ |
| | थपघट | ३३०६८ | ११३३००८ | | ११६६०७६ |
| | जम्मा विनियोजन | ४२६६८३ | १२४९७७७४ | | १२९२४४५७ |
| | खर्च | ३२५४८६ | ८६९४१४२ | | ९०१९६२८ |
| | खर्च प्रतिशत | ७६.२८ | ६९.५७ | | ६९.७९ |

| मन्त्रालय/निकाय | विवरण | चालु | पुँजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय | विनियोजन | ३९६०५८८ | १९२५३१६ | | ५८८५९०४ |
| | थपघट | १७६०४१ | ४५१३८९ | | ६२७४३० |
| | जम्मा विनियोजन | ४१३६६२९ | २३७६७०५ | | ६५१३३३४ |
| | खर्च | ३२६१६७९ | १६६९७१७ | | ४९३१३९६ |
| | खर्च प्रतिशत | ७८.८५ | ७०.२५ | | ७५.७१ |
| प्रदेश नीति तथा योजना आयोग | विनियोजन | २५०५३ | ५८१३ | | ३०८६६ |
| | थपघट | ० | ० | | ० |
| | जम्मा विनियोजन | २५०५३ | ५८१३ | | ३०८६६ |
| | खर्च | १६३७० | ५१२४ | | २१४९४ |
| | खर्च प्रतिशत | ६५.३४ | ८८.१५ | | ६९.६४ |
| अर्थ विविध | विनियोजन | १८२५०४४ | १४००००० | | ३२२५०४४ |
| | थपघट | -८९३७४५ | १६९१०९ | | -७२४६३६ |
| | जम्मा विनियोजन | ९३१२९९ | १५६९१०९ | | २५००४०८ |
| अर्थ वित्तीय व्यवस्था | विनियोजन | ० | ० | ३००००० | ३००००० |
| वित्तीय हस्तानतरण (स्थानीय तह) | विनियोजन | १७२४५०० | ० | | १७२४५०० |
| | थपघट | ५९७१२८ | ० | | ५९७१२८ |
| | जम्मा विनियोजन | २३२१६२८ | ० | | २३२१६२८ |
| | खर्च | १९१२३६२ | ० | | १९१२३६२ |
| | खर्च प्रतिशत | ८२.३७ | ०.०० | | ८२.३७ |
| जम्मा | सुरु विनियोजन | १२३८५४०३ | १७६५४०५२ | ३००००० | ३०३३९४५५ |
| | थपघट | १८८१९२ | ९४८०४३ | | ११३६२३५ |

| मन्त्रालय/निकाय | विवरण | चालु | पुँजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|
| | खुद विनियोजन | १२५७३५९५ | १८६०२०९५ | | ३१४७५६९० |
| | खर्च | ८९२५९३८ | ११९५०१९१ | ० | २०८७६१३० |
| | सुरु विनियोजनमा खर्च% | ७२.०७ | ६७.६९ | ०.०० | ६८.८१ |
| | खुद विनियोजनमा खर्च% | ७०.९९ | ६४.२४ | ०.०० | ६६.३२ |

आर्थिक वर्ष २०७८/७९ मा मन्त्रालय र निकायगत विनियोजन भएको खुद बजेटमध्ये आर्थिक वर्षको अन्त्यसम्ममा प्रदेश व्यवस्थापिकाबाट ७४.६८ प्रतिशत, प्रदेश लोकसेवा आयोगबाट ५२.६० प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट ४८.७१ प्रतिशत, आर्थिक मामिला मन्त्रालयबाट ३९.८० प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट ७६.४६ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट ७५.७२ प्रतिशत, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट ७६.६२ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट ६९.७९ प्रतिशत, सामाजिक विकास मन्त्रालयबाट ७५.७१ प्रतिशत र प्रदेश नीति तथा योजना आयोगबाट ६९.६४ प्रतिशत रकम खर्च भएको थियो। समग्रमा खुद विनियोजनको ६६.३२ प्रतिशत खर्च भएको थियो।

गत आर्थिक वर्षको समीक्षा अवधिमा भएको मन्त्रालय र निकायगत खर्चको भारलाई निम्नानुसार देखाइएको छ।

चित्रः ३ मन्त्रालय/निकायगत खर्चको भार




## २.३ स्रोतगत खर्चको विवरण

आर्थिक वर्ष २०७८/७९ को खुद बजेट र स्रोतगत खर्च निम्नानुसार देखाइएको छ। स्रोतमा प्रदेश सरकारको स्रोत, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानलाई लिइएको छ।

**तालिकाः ६ स्रोतगत खर्चको विवरण (रू. हजारमा)**

| विवरण | | प्रदेश | वित्तीय समानीकरण | सशर्त | विशेष | समपूरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| चालु | सुरु विनियोजन | ९४५१५०३ | ८२१५९० | १९८७८१० | १२४५०० | ० | १२३८५४०३ |
| | थपघट | -४००२८ | -१६२५० | २४४४७१ | ० | ० | १८८१९३ |
| | खुद विनियोजन | ९४११४७५ | ८०५३४० | २२३२२८१ | १२४५०० | ० | १२५७३५९६ |
| | खर्च | ६७८२६४५ | ४३८४५२ | १६३०३८४ | ७४४५७ | ० | ८९२५९३८ |
| | सुरु विनियोजनको तुलनामा खर्च प्रतिशत | ७१.७६ | ५३.३७ | ८२.०२ | ५९.८० | ०.०० | ७२.०७ |

| विवरण | | प्रदेश | वित्तीय समानीकरण | सशर्त | विशेष | समपूरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | खुद विनियोजनको तुलनामा खर्च प्रतिशत | ७२.०७ | ५४.४४ | ७३.०४ | ५९.८० | ०.०० | ७०.९९ |
| पुँजीगत | सुरु विनियोजन | ५९८३१४२ | ७७२२४१० | २२३०१०० | ४८९००० | १२२९४०० | १७६५४०५२ |
| | थपघट | ४००२८ | १६२५० | ८९१७६४ | ० | ० | ९४८०४२ |
| | खुद विनियोजन | ६०२३१७० | ७७३८६६० | ३१२१८६४ | ४८९००० | १२२९४०० | १८६०२०९४ |
| | खर्च | ४३०७५१६ | ४६७२४२८ | २२७७८७० | १२२२१६ | ५७०१६२ | ११९५०१९२ |
| | सुरु विनियोजनको तुलनामा खर्च प्रतिशत | ७१.९९ | ६०.५० | १०२.१४ | २४.९९ | ४६.३८ | ६७.६९ |
| | खुद विनियोजनको तुलनामा खर्च प्रतिशत | ७१.५२ | ६०.३८ | ७२.९७ | २४.९९ | ४६.३८ | ६४.२४ |
| वित्तीय व्यवस्था | सुरु विनियोजन | ३००००० | ० | ० | ० | ० | ३००००० |
| | खर्च | ० | ० | ० | ० | ० | ० |
| | खर्च प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| जम्मा | सुरु विनियोजन | १५७३४६४५ | ८५४४००० | ४२१७९१० | ६१३५०० | १२२९४०० | ३०३३९४५५ |
| | थपघट | ० | ० | ११३६२३५ | ० | ० | ११३६२३५ |
| | खुद विनियोजन | १५७३४६४५ | ८५४४००० | ५३५४१४५ | ६१३५०० | १२२९४०० | ३१४७५६९० |

| विवरण | | प्रदेश | वित्तीय समानीकरण | सशर्त | विशेष | समपूरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | खर्च | ११०९०१६१ | ५११०८८० | ३९०८२५४ | १९६६७३ | ५७०१६२ | २०८७६१३० |
| | सुरु विनियोजनको तुलनामा खर्च प्रतिशत | ७०.४८ | ५९.८२ | ९२.६६ | ३२.०६ | ४६.३८ | ६८.८१ |
| | खुद विनियोजनको तुलनामा खर्च प्रतिशत | ७०.४८ | ५९.८२ | ७२.९९ | ३२.०६ | ४६.३८ | ६६.३२ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७८/७९ को बजेटमा प्रदेश स्रोततर्फ रू. १५ अर्ब ७३ करोड ४६ लाख ४५ हजार, वित्तीय समानीकरण अनुदानतर्फ रू. ८ अर्ब ५४ करोड ४० लाख, सशर्त अनुदानतर्फ रू. ५ अर्ब ३५ करोड ४१ लाख ४५ हजार, विशेष अनुदानतर्फ रू. ६१ करोड ३५ लाख र समपूरक अनुदानतर्फ रू. १ अर्ब २२ करोड ९४ लाख विनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्म प्रदेश स्रोततर्फ रु. ११ अर्ब ९ करोड १ लाख ६१ हजार अर्थात् खुद विनियोजनको तुलनामा ७०.४८ प्रतिशत, वित्तीय समानीकरणतर्फ रु. ५ अर्ब ११ करोड ८ लाख ८० हजार अर्थात् खुद विनियोजनको तुलनामा ५९.८२ प्रतिशत, सशर्त अनुदानतर्फ रु. ३ अर्ब ९० करोड ८२ लाख ५४ हजार अर्थात् खुद विनियोजनको तुलनामा ७२.९९ प्रतिशत, विशेष अनुदानतर्फ रु. १९ करोड ६६ लाख ७३ हजार अर्थात् खुद विनियोजनको तुलनामा ३२.०६ प्रतिशत, समपूरक अनुदानतर्फ रु. ५७ करोड १ लाख ६२ हजार अर्थात् खुद विनियोजनको तुलनामा ४६.३८ प्रतिशत गरी जम्मा रु. २० अर्ब ८७ करोड ६१ लाख ३० हजार अर्थात् खुद विनियोजनको तुलनामा ६६.३२ प्रतिशत खर्च भएको थियो।

स्रोतगत विनियोजन र खर्चको तुलनात्मक अवस्थालाई निम्नानुसार चित्रमा देखाइएको छ।

चित्र: ४ आर्थिक वर्ष २०७८/७९ को स्रोतगत खुद विनियोजन र खर्च



## २.४ विगत आर्थिक वर्षको खर्चको तुलना

आर्थिक वर्ष २०७८/७९ को सुरु बजेट विनियोजन र खर्चको मापन विगत ३ आर्थिक वर्षहरूको सोही अवधिसँग तुलना गर्दा देहाय बमोजिम देखिएको छ।

**तालिकाः ७ खर्चको तुलनात्मक विवरण**

| विवरण | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | | २०७८/७९ | | |
| | विनियोजन | खर्च | खर्च % | विनियोजन | खर्च | खर्च % | विनियोजन | खर्च | खर्च % | विनियोजन | खर्च | खर्च % |
| चालु | १३३५०८०० | ६९६०५९४ | ५२.१४ | १४६९४८३६ | ८४०३४३४ | ५७.१९ | १६३२२८६० | १०३६९३३८ | ६३.५३ | १२३८५४०३ | ८९२५९३८ | ७२.०७ |
| पुँजीगत | ११७१४८१४ | ७२३५३१० | ६१.७६ | १३०६७१९९ | ९२८८५७८ | ७१.०८ | १६७५८४८८ | १२६०६०४५ | ७५.२२ | १७६५४०५२ | ११९५०१९२ | ६७.६९ |
| वित्तीय व्यवस्था | ० | ० | ०.०० | ४००००० | ० | ०.०० | ३००००० | ० | ०.०० | ३००००० | ० | ०.०० |
| जम्मा | २५०६५६१४ | १४१९५९०४ | ५६.६३ | २८१६२०३५ | १७६९२०१२ | ६२.८२ | ३३३८१३४८ | २२९७५३८३ | ६८.८३ | ३०३३९४५५ | २०८७६१३० | ६८.८१ |

आर्थिक वर्ष २०७५/७६ को कुल विनियोजनको तुलनमा ५६.६३ प्रतिशत, आर्थिक वर्ष २०७६/७७ मा ६२.८२ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा ६८.८३ प्रतिशत खर्च भएको थियो भने गत आर्थिक वर्षमा कुल विनियोजनमध्ये ६८.८१ प्रतिशत खर्च भएको थियो।

चार आर्थिक वर्षको कुल विनियोजन र समीक्षा अवधिमा भएको खर्चको तुलनात्मक विवरणलाई निम्नानुसार चित्रमा देखाइएको छ।

चित्रः ५ वार्षिक विनियोजन र खर्चको तुलनात्मक चार्ट




## २.५ कार्यगत आधारमा खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन गरिएको रकमलाई कार्यगत शीर्षकमा वर्गीकरण गरी हेर्दा गत आर्थिक वर्षको अन्त्य सम्ममा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिकाः ८ कार्यगत खर्चको विवरण (रू. हजारमा)**

| कार्यगत कोड | कार्यगत शीर्षक/उपशीर्षक | सुरु विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | सामान्य सार्वजनिक सेवा | | | |
| १.१ | कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला | १३११६६५ | २२४६९९ | १७.१३ |
| १.३ | सामान्य सेवा | ३३४८२४९ | ७१८६३ | २.१५ |
| १.४ | सामान्य आधारभूत सेवा | ३००० | ० | ०.०० |
| १.५ | सामान्य अनुसन्धान तथा विकास सेवा | ३२३१७० | १०६५७३ | ३२.९८ |

| कार्यगत कोड | कार्यगत शीर्षक/उपशीर्षक | सुरु विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १.६ | अन्य सामान्य सेवा | ३२०० | २८०९ | ८७.७७ |
| १.८ | विभिन्न तहका सरकारहरूबीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | १७३४५०० | १९११७४५ | ११०.२२ |
| ३ | सार्वजनिक शान्ति सुरक्षा | | | |
| ३.५ | सार्वजनिक शान्ति सुरक्षा | ४२८५६६ | ५४२७९९ | १२६.६५ |
| ४ | आर्थिक मामिला | | | |
| ४.१ | सामान्य आर्थिक, व्यापारिक र श्रम | ३००००० | ० | ०.०० |
| ४.२ | कृषि, वन , मत्स्यपालन तथा शिकार | ७१६२२९७ | ६५०३१७२ | ९०.८० |
| ४.३ | इन्धन तथा उर्जा | ११००० | ८४७९ | ७७.०९ |
| ४.४ | खानि, उत्पादन तथा निर्माण | ६७५४०० | ५८२७४१ | ८६.२८ |
| ४.५ | यातायात | ५५७७५१४ | ३२११७९२ | ५७.५८ |
| ४.७ | अन्य उद्योगहरू | ५६७४४८ | ३९५५५९ | ६९.७१ |
| ४.८ | अनुसन्धान तथा विकास - आर्थिक मामिला | ३०३३२३ | १२६५०१ | ४१.७१ |
| ४.९ | आर्थिक मामिला - अन्यत्र वर्गीकृत नभएको | ३००० | ० | ०.०० |
| ५ | वातावरण संरक्षण | | | |
| ५.६ | वातावरण संरक्षण - अन्यत्र वर्गीकृत नभएको | ४१९०० | २८९६४ | ६९.१३ |
| ६ | आवास तथा सामुदायिक सुविधा | | | |
| ६.१ | आवास विकास | ७५४०८७ | ७३१०३९ | ९६.९४ |
| ६.३ | खानेपानी | १९०५२३२ | १४९५९५३ | ७८.५२ |
| ७ | स्वास्थ्य | | | |
| ७.१ | औषधि उत्पादन,उपकरण तथा औजार | २८३०० | २६३७६ | ९३.२० |
| ७.२ | वहिरंङ्ग सेवा | १०१८०० | ४६८३३२ | ४६०.०५ |

| कार्यगत कोड | कार्यगत शीर्षक/उपशीर्षक | सुरु विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ७.३ | अस्पताल सेवा | ५५७३०० | ५०५३६१ | ९०.६८ |
| ७.४ | सार्वजनिक स्वास्थ्य सेवा | १९२५३५६ | १८२४९३४ | ९४.७८ |
| ७.५ | अनुसन्धान सेवा | ५५५९५ | ३४६०० | ६२.२४ |
| ८ | मनोरंजन, संस्कृति तथा धर्म | | | |
| ८.१ | मनोरञ्जनात्मक र खेलकुद सेवाहरू | ५०४०० | २८३५६ | ५६.२६ |
| ९ | शिक्षा | | | |
| ९.५ | तहमा वर्गीकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५६३००० | ४१६९२३ | ७४.०५ |
| ९.६ | शिक्षाको लागि सहायक सेवाहरू | २५३८८०७ | १५६६९८८ | ६१.७२ |
| ९.७ | शिक्षा अनुसन्धान विकास | ६५३४६ | ५९५७३ | ९१.१७ |
| | जम्मा | ३०३३९४५५ | २०८७६१३० | ६८.८१ |

## २.६ प्राथमिकताका आधारमा खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको रकमलाई प्राथमिकताका आधारमा बर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिकाः ९ प्राथमिकताका आधारमा खर्चको विवरण (रू. हजारमा)**

| संकेत | प्राथमिकता | सुरु विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| P1 | पहिलो | २८९६८३५५ | १९७२३४३३ | ६८.०९ |
| P2 | दोस्रो | १३७११०० | ११५२६९६ | ८४.०७ |
| जम्मा | | ३०३३९४५५ | २०८७६१३० | ६८.८१ |

गत आर्थिक वर्ष पहिलो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ ६८.०९ प्रतिशत र दोस्रो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ ८४.०७ प्रतिशत खर्च भएको छ।

## २.७ रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति

आर्थिक वर्ष २०७८/७९ मा विनियोजन भएको रकमलाई रणनीतिक स्तम्भका आधारमा बर्गीकरण गर्दा गत आ.व. को अन्त्यसम्म भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिकाः १० रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति(रू. हजारमा)**

| क्र.सं . | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि | ७६७१६६० | ६८६६३३१ | ८९.५० |
| २ | स्वास्थ्य तथा शिक्षा | ८५५०१२६ | ६१९२८९८ | ७२.४३ |
| ३ | अन्तरआबद्धता र शहरी विकास | ६८९८४५ | ५६८६४५ | ८२.४३ |
| ४ | उत्पादन र उत्पादकत्व अभिवृद्धि | ५१६४५७६ | ७४४६३४ | १४.४२ |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | ५८३४५०८ | ५२५६६४९ | ९०.१० |
| ६ | गरिवी निवारण र न्यायपूर्ण समाज | १०४०० | ६५२७ | ६२.७६ |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | ६८४९६६ | ८५५९९६ | १२४.९७ |
| ८ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | १५३७३९३ | २४०४२९ | १५.६४ |
| ९ | साधारण प्रशासन | १९५९८१ | १४४०२० | ७३.४९ |
| जम्मा | | ३०३३९४५५ | २०८७६१३० | ६८.८१ |

## २.८ दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति

आर्थिक वर्ष २०७८/७९ मा विनियोजन भएको रकमलाई दिगो विकास लक्ष्य प्राप्तिका लागि गरिएको विनियोजनका आधारमा हेर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिकाः ११ दिगो विकास लक्ष्यको आधारमा खर्चको विवरण (रू. हजारमा)**

| लक्ष्य सङ्केत | दिगो विकास लक्ष्य | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | सांकेतीकरण नगरिएको | ९०६२६७९ | ६००९९८१ | ६६.३२ |
| २ | गरिबीको अन्त्य | १८१९०२७ | १३१६१०० | ७२.३५ |

| लक्ष्य सङ्केत | दिगो विकास लक्ष्य | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३ | शून्य भोकमरी | ५९०९७१ | ५४७८९८ | ९२.७१ |
| ४ | स्वस्थ जीवन | १८९३८५४ | १७९०४६४ | ९४.५४ |
| ५ | गुणस्तरीय शिक्षा | ११५६८६१ | १२१०४८९ | १०४.६४ |
| ६ | लैङ्गिक समानता | १४४७२९२ | ४१६०७२ | २८.७५ |
| ८ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १८३९२३९ | १४६११८४ | ७९.४५ |
| ९ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ७९८८७४१ | ३९४८०३९ | ४९.४२ |
| १० | उद्योग, नवीन खोज र पूर्वाधार | २५३९३९ | १८३९१४ | ७२.४२ |
| ११ | असमानता न्यूनीकरण | ६३६४६१ | २०२२८४ | ३१.७८ |
| १२ | दिगो शहर र वस्तीहरू | ५८३६८७ | ५६३९२४ | ९६.६१ |
| १३ | दिगो उपभोग तथा उत्पादन | १६६४१ | १३७८४ | ८२.८३ |
| १५ | जलवायु परिवर्तन अनुकूलन | २०४५०५४ | २०७४७१८ | १०१.४५ |
| १६ | भूसतह स्रोतको उपयोग | २५५८१३ | २०२२५७ | ७९.०६ |
| १७ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ४२८५६६ | ५४२७९९ | १२६.६५ |
| १८ | दिगो विकासका लागि साझेदारी | ३२०६३० | ३९२२२४ | १२२.३३ |
| जम्मा | | ३०३३९४५५ | २०८७६१३० | ६८.८१ |

## २.९ खर्च शीर्षकगतको स्थिति

चालु आर्थिक वर्षमा शीर्षकगत आधारमा गरिएको विनियोजन रकम र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिका: १२ शीर्षकगत खर्चको विवरण (रू. हजारमा)**

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| २११११ पारिश्रमिक कर्मचारी | १५२९२४५ | ४५३५९ | ३३७६५ | १५४०८३९ | ९९७७४७ | ६४.७५ |
| प्रदेश सरकार | १३०२१४५ | ८३५४ | १५२७ | १३०८९७२ | ८९३०३७ | ६८.२२ |
| वित्तीय समानीकरण | ९९४१४ | ९९२१ | २३५० | १०६९८५ | ५४०५ | ५.०५ |
| सशर्त अनुदान | १२७६८६ | २७०८४ | २९८८८ | १२४८८२ | ९९३०५ | ७९.५२ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ७१३२२ | ३७२३ | ० | ७५०४५ | ६४२३४ | ८५.५९ |
| प्रदेश सरकार | ७१३२२ | ३६९६ | ० | ७५०१८ | ६४२०७ | ८५.५९ |
| वित्तीय समानीकरण | ० | २७ | ० | २७ | २७ | १००.०० |
| २११२१ पोशाक | ४१०८० | २० | ० | ४११०० | २०१०१ | ४८.९१ |
| प्रदेश सरकार | २९४९० | २० | ० | २९५१० | १९०८० | ६४.६५ |
| सशर्त अनुदान | ११५९० | ० | ० | ११५९० | १०२१ | ८.८१ |
| २११२२ खाद्यान्न | ६३६७७ | ८८८६ | ० | ७२५६३ | ५१६२२ | ७१.१४ |
| प्रदेश सरकार | ५९७१७ | ६७३६ | ० | ६६४५३ | ४५७०१ | ६८.७७ |
| वित्तीय समानीकरण | ० | २१५० | ० | २१५० | २०६९ | ९६.२३ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| सशर्त अनुदान | ३९६० | ० | ० | ३९६० | ३८५२ | ९७.२६ |
| २११२३ औषधि उपचार खर्च | ५०० | ० | ० | ५०० | २७८ | ५५.५९ |
| प्रदेश सरकार | ५०० | ० | ० | ५०० | २७८ | ५५.५९ |
| २११३१ स्थानीय भत्ता | ६५१४८ | ९० | ० | ६५२३८ | ३५६७१ | ५४.६८ |
| प्रदेश सरकार | ६१९७३ | ९० | ० | ६२०६३ | ३३६७५ | ५४.२६ |
| सशर्त अनुदान | ३१७५ | ० | ० | ३१७५ | १९९५ | ६२.८४ |
| २११३२ महंगी भत्ता | ७१३६१ | १४५९ | २२ | ७२७९८ | ४२८३९ | ५८.८५ |
| प्रदेश सरकार | ६६२९७ | ६१ | २२ | ६६३३६ | ३८५७६ | ५८.१५ |
| वित्तीय समानीकरण | ० | १३९८ | ० | १३९८ | ५३० | ३७.९१ |
| सशर्त अनुदान | ५०६४ | ० | ० | ५०६४ | ३७३४ | ७३.७३ |
| २११३४ कर्मचारीको बैठक भत्ता | २२१७२ | ३६० | ० | २२५३२ | १४००६ | ६२.१६ |
| प्रदेश सरकार | २१०९२ | ३६० | ० | २१४५२ | १३२२६ | ६१.६५ |
| सशर्त अनुदान | १०८० | ० | ० | १०८० | ७८० | ७२.२० |
| २११३५ कर्मचारी | ४४६०४ | ९२६१ | ९२६१ | ४४६०४ | १०५१६ | २३.५८ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| प्रोत्साहन तथा पुरस्कार | | | | | | |
| प्रदेश सरकार | ४४४ | ० | ० | ४४४ | ३०८ | ६९.३१ |
| सशर्त अनुदान | २१६० | ० | ० | २१६० | १२४६ | ५७.६७ |
| विशेष अनुदान | ४२००० | ९२६१ | ९२६१ | ४२००० | ८९६३ | २१.३४ |
| २११३९ अन्य भत्ता | १३५०१३ | १३६३०३.१ | ७०३९१ | २००९२५.१ | १६२९०८ | ८१.०८ |
| प्रदेश सरकार | ५४९४८ | ६७४०७.०७ | १०० | १२२२५५.०७ | १०८२४० | ८८.५४ |
| वित्तीय समानीकरण | ८०००० | ६८८९६ | ७०२९१ | ७८६०५ | ५४६०५ | ६९.४७ |
| सशर्त अनुदान | ६५ | ० | ० | ६५ | ६३ | ९६.८४ |
| २११४१ पदाधिकारी बैठक भत्ता | १२८४८ | ६५० | ० | १३४९८ | ५७४१ | ४२.५३ |
| प्रदेश सरकार | १२८४८ | ६५० | ० | १३४९८ | ५७४१ | ४२.५३ |
| २११४२ पदाधिकारी अन्य सुविधा | ३५८६ | ० | ० | ३५८६ | २७३१ | ७६.१६ |
| प्रदेश सरकार | ३५८६ | ० | ० | ३५८६ | २७३१ | ७६.१६ |
| २११४९ पदाधिकारी अन्य भत्ता | ५५११ | ० | ० | ५५११ | ३५४२ | ६४.२८ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| प्रदेश सरकार | १३२५ | ० | ० | १३२५ | ६७१ | ५०.६० |
| सशर्त अनुदान | ४१८६ | ० | ० | ४१८६ | २८७२ | ६८.६१ |
| २१२११ सामाजिक सुरक्षा कोष खर्च | ० | ८३६४ | ० | ८३६४ | ८३६४ | १००.०० |
| वित्तीय समानीकरण | ० | ८३६४ | ० | ८३६४ | ८३६४ | १००.०० |
| २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष | १९५५ | ० | ० | १९५५ | ७२ | ३.७० |
| प्रदेश सरकार | १९५५ | ० | ० | १९५५ | ७२ | ३.७० |
| २१२१३ योगदानमा आधारित बिमा कोष खर्च | ९५३१ | ० | ० | ९५३१ | ४३५५ | ४५.७० |
| प्रदेश सरकार | ९५३१ | ० | ० | ९५३१ | ४३५५ | ४५.७० |
| २२१११ पानी तथा बिजुली | ६३००३ | १२७३५ | ५० | ७५६८८ | ६१५०१ | ८१.२६ |
| प्रदेश सरकार | ५८८१५ | ६९१० | ५० | ६५६७५ | ५२८२३ | ८०.४३ |
| वित्तीय समानीकरण | ० | ५८२५ | ० | ५८२५ | ५४०६ | ९२.८१ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| सशर्त अनुदान | ४१८८ | ० | ० | ४१८८ | ३२७१ | ७८.१२ |
| २२११२ संचार महसुल | ३४९५६ | २०३५ | ० | ३६९९१ | २२७३८ | ६१.४७ |
| प्रदेश सरकार | ३४११६ | ११९५ | ० | ३५३११ | २१६७५ | ६१.३८ |
| वित्तीय समानीकरण | ० | ४२० | ० | ४२० | ४२० | १००.०० |
| सशर्त अनुदान | ८४० | ४२० | ० | १२६० | ५५५ | ४४.०५ |
| २२२११ इन्धन (पदाधिकारी) | ७७८८ | ४७० | ० | ८२५८ | ७९२३ | ९५.९४ |
| प्रदेश सरकार | ७७८८ | ४७० | ० | ८२५८ | ७९२३ | ९५.९४ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ६७३४१ | ५७४० | २०० | ७२८८१ | ६७७४८ | ९२.९६ |
| प्रदेश सरकार | ६६०३३ | ३८९८ | २०० | ६९७३१ | ६४६३९ | ९२.७० |
| वित्तीय समानीकरण | ० | ५२२ | ० | ५२२ | ५२२ | ९९.९४ |
| सशर्त अनुदान | १३०८ | १३२० | ० | २६२८ | २५८८ | ९८.४६ |
| २२२१३ सवारी साधन मर्मत खर्च | ६१३८० | ७३५० | १०० | ६८६३० | ६१९८० | ९०.३१ |
| प्रदेश सरकार | ५९१८० | ७३५० | १०० | ६६४३० | ६०२५१ | ९०.७० |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| सशर्त अनुदान | २२०० | ० | ० | २२०० | १७२९ | ७८.६० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २०२६२ | १३२ | ० | २०३९४ | १२२९७ | ६०.३० |
| प्रदेश सरकार | १९६८२ | १३२ | ० | १९८१४ | १२०११ | ६०.६२ |
| सशर्त अनुदान | ५८० | ० | ० | ५८० | २८६ | ४९.२५ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन | ३०८२९ | ६३० | ० | ३१४५९ | २३७४६ | ७५.४८ |
| प्रदेश सरकार | २९७६९ | ३८० | ० | ३०१४९ | २२६४५ | ७५.११ |
| वित्तीय समानीकरण | ० | २५० | ० | २५० | २५० | १००.०० |
| सशर्त अनुदान | १०६० | ० | ० | १०६० | ८५० | ८०.१९ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ७२३२० | १६१९० | १२३०० | ७६२१० | ४७४८८ | ६२.३१ |
| प्रदेश सरकार | ५०२०० | ४१४० | ५०० | ५३८४० | ४१४७३ | ७७.०३ |
| वित्तीय समानीकरण | ० | २५० | ० | २५० | २५० | १००.०० |
| सशर्त अनुदान | २२१२० | ११८०० | ११८०० | २२१२० | ५७६५ | २६.०६ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १०४१ | १०० | ० | ११४१ | ९०३ | ७९.१२ |
| प्रदेश सरकार | ७७७ | १०० | ० | ८७७ | ६७३ | ७६.७५ |
| सशर्त अनुदान | २६४ | ० | ० | २६४ | २३० | ८६.९९ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ९२१६० | ७८७२ | ५०० | ९९५३२ | ९२११९ | ९२.५५ |
| प्रदेश सरकार | ९०८८८ | ६९१२ | ५०० | ९७३०० | ८९९३१ | ९२.४३ |
| सशर्त अनुदान | १२७२ | ९६० | ० | २२३२ | २१८८ | ९८.०३ |
| २२३१२ पशुपंक्षीहरूको आहार | ८१० | ० | ० | ८१० | ८०९ | ९९.८२ |
| प्रदेश सरकार | १५० | ० | ० | १५० | १४९ | ९९.०३ |
| सशर्त अनुदान | ६६० | ० | ० | ६६० | ६६० | १००.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | २६३१ | ० | ० | २६३१ | १३८३ | ५२.५८ |
| प्रदेश सरकार | १६३१ | ० | ० | १६३१ | ३८५ | २३.५८ |
| सशर्त अनुदान | १००० | ० | ० | १००० | ९९९ | ९९.८८ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १२०५७ | ५४८ | ० | १२६०५ | ८९१५ | ७०.७३ |
| प्रदेश सरकार | ११४९३ | ५४८ | ० | १२०४१ | ८६२७ | ७१.६४ |
| सशर्त अनुदान | ५६४ | ० | ० | ५६४ | २८८ | ५१.०६ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५४१९४ | ३६३४ | १०६० | ५६७६८ | ३८५२३ | ६७.८६ |
| प्रदेश सरकार | ५१४८६ | ३६३४ | १०६० | ५४०६० | ३६०३१ | ६६.६५ |
| सशर्त अनुदान | २७०८ | ० | ० | २७०८ | २४९२ | ९२.०२ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ७६७९ | २५८० | ० | १०२५९ | ९०२८ | ८८.०० |
| प्रदेश सरकार | ५८७९ | १९५० | ० | ७८२९ | ६७२१ | ८५.८५ |
| वित्तीय समानीकरण | ० | ६३० | ० | ६३० | ६३० | १००.०० |
| सशर्त अनुदान | १८०० | ० | ० | १८०० | १६७६ | ९३.११ |
| २२४११ सेवा र परामर्श खर्च | ६४२७४ | १७०३ | १७८० | ६४१९७ | ५२०६५ | ८१.१० |
| प्रदेश सरकार | ६३७३४ | १६०३ | १७८० | ६३५५७ | ५१५२५ | ८१.०७ |
| सशर्त अनुदान | ५४० | १०० | ० | ६४० | ५४० | ८४.३८ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १३४२८ | १२०० | ८७१ | १३७५७ | ८१९७ | ५९.५९ |
| प्रदेश सरकार | १२५६८ | ५०० | ७१ | १२९९७ | ७४४२ | ५७.२६ |
| सशर्त अनुदान | ८६० | ७०० | ८०० | ७६० | ७५५ | ९९.३४ |
| २२४१३ करार सेवा शुल्क | ३२५३९४ | ६७६५१.६ | ३६० | ३९२६८५.६ | ३३७६७६ | ८५.९९ |
| प्रदेश सरकार | २९७४०८ | १२९५०.६ | ३६० | ३०९९९८.६ | २५९९०५ | ८३.८४ |
| वित्तीय समानीकरण | ० | ५४४४१ | ० | ५४४४१ | ५३३९३ | ९८.०७ |
| सशर्त अनुदान | २७९८६ | २६० | ० | २८२४६ | २२७२४ | ८०.४५ |
| २२४१९ अन्य सेवा शुल्क | १६४९७६ | २३८१६ | २३४५१ | १६५३४१ | १२३७७७ | ७४.८६ |
| प्रदेश सरकार | ११३३९६ | ३०० | १३५ | ११३५६१ | ९४३७४ | ८३.१० |
| वित्तीय समानीकरण | ० | २०० | ० | २०० | २०० | १००.०० |
| सशर्त अनुदान | ४०४८० | २३३१६ | २३३१६ | ४०४८० | २१७६४ | ५३.७६ |
| विशेष अनुदान | ११९०० | ० | ० | ११९०० | ७४३९ | ६७.०२ |
| २२५११ कर्मचारी तालिम खर्च | १३९६१९ | ५३७५५ | ७३३३५ | १२००३९ | ७१३९८ | ५९.४८ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| प्रदेश सरकार | ५६५३४ | ५८५० | ७१३० | ५५२५४ | ३९९६६ | ७२.३३ |
| विशेष अनुदान | ५००० | ० | ० | ५००० | ४७८० | ९५.६१ |
| सशर्त अनुदान | ७८०८५ | ४७९०५ | ६६२०५ | ५९७८५ | २६६५१ | ४४.५८ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | २४२०१५ | ५९०४५ | ७००७७ | २३०९८३ | २००४२८ | ८६.७७ |
| प्रदेश सरकार | १२६४८६ | ९८४५ | ११५९० | १२४७४१ | १०८९३४ | ८७.३३ |
| वित्तीय समानीकरण | ५८५०० | ४८५०० | ५७७८७ | ४९२१३ | ४२५१९ | ८६.४० |
| सशर्त अनुदान | ५७०२९ | ७०० | ७०० | ५७०२९ | ४८९७६ | ८५.८८ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ४८४४२ | ० | ९६० | ४७४८२ | ४३७१७ | ९२.०७ |
| प्रदेश सरकार | ४७३८२ | ० | ० | ४७३८२ | ४३६१७ | ९२.०५ |
| सशर्त अनुदान | १०६० | ० | ९६० | १०० | १०० | १००.०० |
| २२५२२ कार्यक्रम खर्च | ४९१९३०९ | १७६६३२० | १७३१६९४ | ४९५३९३५ | ३७५७६५५ | ७५.८५ |
| प्रदेश सरकार | २७४६४९८ | ६१८७०९.८ | ३९४१३८ | २९७१०६९.८ | २२८३५७९ | ७६.८६ |
| वित्तीय समानीकरण | ३८३२१९ | १९९७२५ | ३३७४९१ | २४५४५३ | १७१७४६ | ६९.९७ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| विशेष अनुदान | १०४०० | ० | ० | १०४०० | ५६६५ | ५४.४७ |
| सशर्त अनुदान | १७७९१९२ | ९४७८८५ | १००००६५ | १७२७०१२ | १२९६६६४ | ७५.०८ |
| २२५२९ विविध कार्यक्रम खर्च | १८९७२ | ० | ३५०० | १५४७२ | १३२३१ | ८५.५२ |
| प्रदेश सरकार | १५४७२ | ० | ० | १५४७२ | १३२३१ | ८५.५२ |
| सशर्त अनुदान | ३५०० | ० | ३५०० | ० | ० | #घ्जस्/०! |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ११३९५६ | ७५८० | ३१०० | ११८४३६ | १००४४० | ८४.८१ |
| प्रदेश सरकार | १०६९१८ | ५०८० | ९०० | १११०९८ | ९४९१७ | ८५.४४ |
| वित्तीय समानीकरण | ० | ३०० | ० | ३०० | ३०० | १००.०० |
| सशर्त अनुदान | ७०३८ | २२०० | २२०० | ७०३८ | ५२२३ | ७४.२१ |
| २२६१२ भ्रमण खर्च | ३०४५३ | ९७५ | ७५१ | ३०६७७ | २१६९५ | ७०.७२ |
| प्रदेश सरकार | २८८५७ | ९७५ | ७५१ | २९०८१ | २०१४४ | ६९.२७ |
| सशर्त अनुदान | १५९६ | ० | ० | १५९६ | १५५१ | ९७.१८ |
| २२७११ विविध खर्च | ७९८५७ | ४१०९ | ३८५० | ८०११६ | ६१२४६ | ७६.४५ |
| प्रदेश सरकार | ७९१४९ | ३३०५ | ३८५० | ७८६०४ | ५९९२३ | ७६.२३ |
| सशर्त अनुदान | ७०८ | ८०४ | ० | १५१२ | १३२३ | ८७.५० |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| २५२१२ गैह्र वित्तीय व्यवसायहरूलाई पुँजीगत सहायता | २२४०० | ० | ० | २२४०० | १२५६२ | ५६.०८ |
| प्रदेश सरकार | २२४०० | ० | ० | २२४०० | १२५६२ | ५६.०८ |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २५७२५ | ० | ० | २५७२५ | २३२०० | ९०.१८ |
| प्रदेश सरकार | २५७२५ | ० | ० | २५७२५ | २३२०० | ९०.१८ |
| २५३१५ अन्य सहायता | १३८०० | २८०० | २३०० | १४३०० | १२३६३ | ८६.४५ |
| प्रदेश सरकार | १३८०० | २८०० | २३०० | १४३०० | १२३६३ | ८६.४५ |
| २६३३१ समानीकरण अनुदान | ७२४५०० | ० | ० | ७२४५०० | ७२४५०० | १००.०० |
| प्रदेश सरकार | ७२४५०० | ० | ० | ७२४५०० | ७२४५०० | १००.०० |
| २६३३२ शसर्त अनुदान | ० | ६२०५१४ | २३३८६ | ५९७१२८ | ४७७१८२ | ७९.९१ |
| प्रदेश सरकार | ० | ५४६५३४ | २३३८६ | ५२३१४८ | ४४५९३४ | ८५.२४ |
| सशर्त अनुदान | ० | ७३९८० | ० | ७३९८० | ३१२४८ | ४२.२४ |
| २६३३३ विषेश अनुदान | ४००००० | ७५०० | ७५०० | ४००००० | ३४३३१३ | ८५.८३ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| प्रदेश सरकार | ४००००० | ७५०० | ७५०० | ४००००० | ३४३३१३ | ८५.८३ |
| २६३३४ समपुरक अनुदान | ६००००० | १३३८० | १३३८० | ६००००० | ३६६७५१ | ६१.१३ |
| प्रदेश सरकार | ६००००० | १३३८० | १३३८० | ६००००० | ३६६७५१ | ६१.१३ |
| २६३३५ अन्य अनुदान | १५०० | ० | ० | १५०० | १५०० | १००.०० |
| प्रदेश सरकार | १५०० | ० | ० | १५०० | १५०० | १००.०० |
| २६४१२ सरकारी निकाय, समिति एवम् बोर्डहरूलाई सःसर्त | ५५०० | ० | ० | ५५०० | ८०२ | १४.५७ |
| प्रदेश सरकार | ५५०० | ० | ० | ५५०० | ८०२ | १४.५७ |
| २६४१३ अन्य संस्थालाई अनुदानसःशर्त ‘ | ८९००० | ४००० | ८१०८४ | ११९१६ | ५९७६ | ५०.१५ |
| प्रदेश सरकार | ९००० | ४००० | ४००० | ९००० | ५९७६ | ६६.४० |
| वित्तीय समानीकरण | ८०००० | ० | ७७०८४ | २९१६ | ० | ०.०० |
| २६४२१ सरकारी | ४०५०० | १५०० | १५०० | ४०५०० | ३७८२४ | ९३.३९ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| निकाय, समिति, बोर्ड — पुँजीगत निःशर्त | | | | | | |
| वित्तीय समानीकरण | ४०५०० | १५०० | १५०० | ४०५०० | ३७८२४ | ९३.३९ |
| २७१११ सामाजिक सुरक्षा | ७६५० | १५२६६ | ० | २२९१६ | २२६५९ | ९८.८८ |
| प्रदेश सरकार | ४८६३ | ० | ० | ४८६३ | ४६०६ | ९४.७२ |
| वित्तीय समानीकरण | २७८७ | १५२६६ | ० | १८०५३ | १८०५३ | १००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ३३२६५ | २३५०० | २४०० | ५४३६५ | ४५६७१ | ८४.०१ |
| प्रदेश सरकार | ० | २११०० | ० | २११०० | २१०९० | ९९.९५ |
| वित्तीय समानीकरण | २००० | ० | ० | २००० | ० | ०.०० |
| सशर्त अनुदान | ५६०० | २४०० | २४०० | ५६०० | ४९०० | ८७.५० |
| विशेष अनुदान | २५६६५ | ० | ० | २५६६५ | १९६८१ | ७६.६८ |
| २७२११ छात्रवृत्ति | ५२३५० | ० | ० | ५२३५० | २९८६० | ५७.०४ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| वित्तीय समानीकरण | ३५७५० | ० | ० | ३५७५० | १४१५० | ३९.५८ |
| सशर्त अनुदान | १६६०० | ० | ० | १६६०० | १५७१० | ९४.६४ |
| २७२१३ औषधि खरिद खर्च | ७३३६८ | १७२९१ | ५८०० | ८४८५९ | ८१५२४ | ९६.०७ |
| प्रदेश सरकार | २७८४० | २४१ | ० | २८०८१ | २४७९६ | ८८.३० |
| वित्तीय समानीकरण | १०००० | ११२५० | ० | २१२५० | २१२५० | १००.०० |
| विशेष अनुदान | २५००० | ० | ० | २५००० | २५००० | १००.०० |
| सशर्त अनुदान | १०५२८ | ५८०० | ५८०० | १०५२८ | १०४७८ | ९९.५३ |
| २७२१९ अन्य सामाजिक सहायता | २६१७५ | ० | १७५०० | ८६७५ | ५८६० | ६७.५५ |
| प्रदेश सरकार | २०८४० | ० | १७५०० | ३३४० | २९३० | ८७.७४ |
| विशेष अनुदान | ५३३५ | ० | ० | ५३३५ | २९३० | ५४.९१ |
| २८१४१ जग्गाको भाडा | १०० | ० | ० | १०० | १०० | १००.०० |
| प्रदेश सरकार | १०० | ० | ० | १०० | १०० | १००.०० |
| २८१४२ घर भाडा | ६५७५८ | ३००३ | ६०२ | ६८१५९ | ५६१२९ | ८२.३५ |
| प्रदेश सरकार | ६३८०९ | २५८५ | ६०२ | ६५७९२ | ५४१२५ | ८२.२७ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| वित्तीय समानीकरण | ० | ४१८ | ० | ४१८ | ४१२ | ९८.५६ |
| सशर्त अनुदान | १९४९ | ० | ० | १९४९ | १५९२ | ८१.६८ |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५५२६ | १०५० | ० | ६५७६ | ३७१५ | ५६.५० |
| प्रदेश सरकार | ५५२६ | १०५० | ० | ६५७६ | ३७१५ | ५६.५० |
| २८१४९ अन्य भाडा | ० | ४० | ० | ४० | ० | ०.०० |
| प्रदेश सरकार | ० | ४० | ० | ४० | ० | ०.०० |
| २८२११ राजस्व फिर्ता | ३७८ | ० | ० | ३७८ | १३ | ३.३३ |
| प्रदेश सरकार | ३७८ | ० | ० | ३७८ | १३ | ३.३३ |
| २८२१२ न्यायिक फिर्ता | ६००० | ० | ० | ६००० | ० | ०.०० |
| प्रदेश सरकार | ६००० | ० | ० | ६००० | ० | ०.०० |
| २८२१९ अन्य फिर्ता | ० | ५८९ | ० | ५८९ | ३९५ | ६७.०६ |
| प्रदेश सरकार | ० | ५८९ | ० | ५८९ | ३९५ | ६७.०६ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| २८९११ भैपरी आउने चालु खर्च | १६६९६८० | १३९१५८ | ९६९६८४.६ | ८३९१५३.४ | ५० | ०.०१ |
| प्रदेश सरकार | १६४०२६० | ३९१५८ | ९६९६८४.५६ | ७०९७३३.४४ | ५० | ०.०१ |
| वित्तीय समानीकरण | २९४२० | १००००० | ० | १२९४२० | ० | ०.०० |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | ५०० | ० | ० | ५०० | ४९६ | ९९.२० |
| प्रदेश सरकार | ५०० | ० | ० | ५०० | ४९६ | ९९.२० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २०७३८८२ | ७५४९५७ | ६९९३६० | २१२९४७९ | १३८७४२९ | ६५.१५ |
| प्रदेश सरकार | ७९२४४५ | २६९२०२ | २१९१९३ | ८४२४५४ | ६२५१६१ | ७४.२१ |
| वित्तीय समानीकरण | ६९७९८२ | २२६३५५ | २३३२६७ | ६९१०७० | ४९३३८३ | ७१.३९ |
| विशेष अनुदान | ३५८१०० | ५३५०० | ५३५०० | ३५८१०० | ७८४०५ | २१.८९ |
| सशर्त अनुदान | २२५३५५ | २०५९०० | १९३४०० | २३७८५५ | १९०४८० | ८०.०८ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १००० | ० | ० | १००० | ९९६ | ९९.६१ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| सशर्त अनुदान | १००० | ० | ० | १००० | ९९६ | ९९.६१ |
| ३११२१ सवारी साधन | १४०२७३ | ४७१४२.०९ | ७०० | १८६७१५.१ | १४१५२४ | ७५.८० |
| प्रदेश सरकार | १२८३०८ | १७४७२.०९ | ७०० | १४५०८०.०९ | १०६०३३ | ७३.०९ |
| वित्तीय समानीकरण | १०९१५ | २९६७० | ० | ४०५८५ | ३४६४६ | ८५.३७ |
| सशर्त अनुदान | १०५० | ० | ० | १०५० | ८४६ | ८०.५७ |
| ३११२२ मेशिनरी तथा औजार | ५८७१७७ | ९०१९०.५ | ७५९११ | ६०१४५६.५ | ५०१५८७ | ८३.४० |
| प्रदेश सरकार | १३७५६४ | ४५११५.५ | ६९५६ | १७५७२३.५ | १२७४७७ | ७२.५४ |
| वित्तीय समानीकरण | १३६५७४ | ४०५७५ | ६४४५५ | ११२६९४ | ७२९६१ | ६४.७४ |
| सशर्त अनुदान | ३१३०३९ | ४५०० | ४५०० | ३१३०३९ | २९९१२३ | ९५.५५ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ७९६४१ | ८१७८ | १२२६ | ८६५९३ | ७९३३५ | ९१.६२ |
| प्रदेश सरकार | ४५०४२ | ८१७८ | ११२१ | ५२०९९ | ४६६०१ | ८९.४५ |
| वित्तीय समानीकरण | ३१४७९ | ० | १०५ | ३१३७४ | २९७९४ | ९४.९६ |
| सशर्त अनुदान | ३१२० | ० | ० | ३१२० | २९४० | ९४.२३ |
| ३११३४ कम्प्युटर सफ्टवेयर | ६७९० | ० | २००० | ४७९० | ३५०१ | ७३.०९ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| निर्माण तथा खरिद खर्च | | | | | | |
| प्रदेश सरकार | ६७९० | ० | २००० | ४७९० | ३५०१ | ७३.०९ |
| ३११३५ पुँजीगत परामर्श खर्च | ११२४०० | ५२२९७ | ४४७९७ | ११९९०० | ९८९६० | ८२.५४ |
| प्रदेश सरकार | २८७०० | १२१०० | १८२०० | २२६०० | १९८७६ | ८७.९५ |
| वित्तीय समानीकरण | ८२२०० | ४०१९७ | २६५९७ | ९५८०० | ७८०९० | ८१.५१ |
| सशर्त अनुदान | १५०० | ० | ० | १५०० | ९९४ | ६६.२९ |
| ३११५१ सडक तथा पुल निर्माण | ५२३६८८० | १५०२४०० | १४५९०६४ | ५२८०२१६ | ३०३७३२१ | ५७.५२ |
| प्रदेश सरकार | ८२८६०० | २८२४२४ | २११८८८ | ८९९१३६ | ४२६१५९ | ४७.४० |
| वित्तीय समानीकरण | ३०४५१८० | ११३५५७६ | ११३५७७६ | ३०४४९८० | १९८४६०२ | ६५.१८ |
| समपूरक अनुदान | १२२९४०० | ० | ० | १२२९४०० | ५७०१६२ | ४६.३८ |
| सशर्त अनुदान | १३३७०० | ८४४०० | १११४०० | १०६७०० | ५६३९७ | ५२.८६ |
| ३११५३ विद्युत संरचना निर्माण | ९१५०० | ६९२० | ६३१३५ | ३५२८५ | १३०७१ | ३७.०५ |
| प्रदेश सरकार | ० | ६९२० | ० | ६९२० | २६६६ | ३८.५३ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| वित्तीय समानीकरण | ९१५०० | ० | ६३१३५ | २८३६५ | १०४०५ | ३६.६८ |
| ३११५४ तटबन्ध तथा बाँध निर्माण | ७६५७४९ | ३३०४२७ | १५१७४३ | ९४४४३३ | ८४६२५७ | ८९.६० |
| प्रदेश सरकार | ४२३५०० | २१३६३० | ३५९७६ | ६०११५४ | ५३२६९४ | ८८.६१ |
| वित्तीय समानीकरण | १८१८०० | ४४४३७ | ४६९२७ | १७९३१० | १६७०५६ | ९३.१७ |
| सशर्त अनुदान | १६०४४९ | ७२३६० | ६८८४० | १६३९६९ | १४६५०६ | ८९.३५ |
| ३११५५ सिंचाई संरचना निर्माण | २१२२९५६ | १२०४२६२ | ९४६४१० | २३८०८०८ | २०४४१४१ | ८५.८६ |
| प्रदेश सरकार | ६२५५०० | ४८३२९१ | २६१५५९ | ८४७२३२ | ७४२१०६ | ८७.५९ |
| वित्तीय समानीकरण | ९८४३८० | २०३९८१ | १६७८४१ | १०२०५२० | ८९४६२९ | ८७.६६ |
| सशर्त अनुदान | ५१३०७६ | ५१६९९० | ५१७०१० | ५१३०५६ | ४०७४०६ | ७९.४१ |
| ३११५६ खानेपानी संरचना निर्माण | १९१३४५५ | ९४७०८७ | ८६५१७५ | १९९५३६७ | १४३४५८९ | ७१.९० |
| प्रदेश सरकार | ३३५६०० | ११९८२७ | ५७९१५ | ३९७५१२ | २६०३९७ | ६५.५१ |
| वित्तीय समानीकरण | ८०३८०० | १४६१९६ | १२६१९६ | ८२३८०० | ६४६३७६ | ७८.४६ |
| विशेष अनुदान | १३०९०० | ० | ० | १३०९०० | ४३८११ | ३३.४७ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| सशर्त अनुदान | ६४३१५५ | ६८१०६४ | ६८१०६४ | ६४३१५५ | ४८४००५ | ७५.२५ |
| ३११५७ वन तथा वातावरण संरक्षण | १४५३०० | ८९७७७ | ८९२०० | १४५८७७ | ११८६७३ | ८१.३५ |
| प्रदेश सरकार | ५९८०० | ३७७७ | ३२०० | ६०३७७ | ४८४६३ | ८०.२७ |
| सशर्त अनुदान | ८५५०० | ८६००० | ८६००० | ८५५०० | ७०२१० | ८२.१२ |
| ३११५८ सरसफाई संरचना निर्माण | ११९५० | ५५५४ | ४००९ | १३४९५ | १२३९३ | ९१.८३ |
| प्रदेश सरकार | २९५० | ५३५४ | ३३०९ | ४९९५ | ४८५९ | ९७.२७ |
| वित्तीय समानीकरण | ९००० | २०० | ७०० | ८५०० | ७५३४ | ८८.६३ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १४७०३४० | ५२३८१९ | २८४६०० | १७०९५५९ | १३४२४०९ | ७८.५२ |
| प्रदेश सरकार | ११२०३९० | ३२९१०४ | १४८२९३ | १३०१२०१ | १०२१७४७ | ७८.५२ |
| वित्तीय समानीकरण | १२८९५० | १०१७१५ | ४३३०७ | १८७३५८ | १२२३७९ | ६५.३२ |
| सशर्त अनुदान | २२१००० | ९३००० | ९३००० | २२१००० | १९८२८३ | ८९.७२ |
| ३११६१ निर्मित भवनको | १०३१२५ | १५९९३ | ५०० | ११८६१८ | ७७६३१ | ६५.४५ |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| संरचनात्मक सुधार खर्च | | | | | | |
| प्रदेश सरकार | ४४४७५ | ५४९३ | ० | ४९९६८ | ३९१७८ | ७८.४१ |
| वित्तीय समानीकरण | १८६५० | १०५०० | ५०० | २८६५० | २१५१८ | ७५.११ |
| सशर्त अनुदान | ४०००० | ० | ० | ४०००० | १६९३५ | ४२.३४ |
| ३११७१ पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ११९५८९८ | ६९५८७३.५ | ६६३०१३ | १२२८७५८ | ८११७४६ | ६६.०६ |
| प्रदेश सरकार | ३१५९७८ | ४७२७३.४८८ | ३६४१३ | ३२६८३८.४९ | ३०१४९० | ९२.२४ |
| वित्तीय समानीकरण | १००००० | २१००० | १०००० | १११००० | १०९५३४ | ९८.६८ |
| सशर्त अनुदान | ७७९९२० | ६२७६०० | ६१६६०० | ७९०९२० | ४००७२२ | ५०.६७ |
| ३१५११ भैपरी आउने पुँजीगत | २४८७००० | ६३१४९८ | १४९९२५४ | १६१९२४४ | ० | ०.०० |
| प्रदेश सरकार | १०८७००० | ५८८५६३ | १३९०९७३ | २८४५९०.०१ | ० | ०.०० |
| वित्तीय समानीकरण | १४००००० | ४२९३५ | १०८२८१ | १३३४६५४ | ० | ०.०० |
| ३२१४२ सार्वजनिक | ३०००० | ० | ० | ३०००० | ० | ०.०० |

| मन्त्रालय/खर्च शीर्षक | सुरु बजेट | रकमान्तर | | खुद बजेट | खर्च | खुद बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| संस्थानमा ऋण लगानी | | | | | | |
| प्रदेश सरकार | ३०००० | ० | ० | ३०००० | ० | ०.०० |
| ३२१४३ अन्य संस्थामा ऋण लगानी | ३०००० | ० | ० | ३०००० | ० | ०.०० |
| प्रदेश सरकार | ३०००० | ० | ० | ३०००० | ० | ०.०० |
| ३२१५१ संस्थानमा शेयर लगानी | २४०००० | ० | ० | २४०००० | ० | ०.०० |
| प्रदेश सरकार | २४०००० | ० | ० | २४०००० | ० | ०.०० |

खर्च शीर्षकगत रूपमा आर्थिक वर्ष २०७८/७९ मा पुँजीगत खर्चतर्फ विनियोजन भएको बजेटमध्ये भवन निर्माण (३१११२) तर्फ ६५.१५ प्रतिशत, अन्य सार्वजनिक निर्माण (३११५९) तर्फ ७८.५२ प्रतिशत, सडक तथा पुल निर्माण (३११५१) तर्फ ५७.५२ प्रतिशत, तटबन्ध तथा बाँध निर्माण (३११५४) तर्फ ८९.६० सिंचाई (३११५५) तर्फ ८५.८६ प्रतिशत, खानेपानी (३११५६) तर्फ ७१.९० प्रतिशत खर्च भएको छ।

# परिच्छेद - ३
# स्रोत व्यवस्थापन विश्लेषण

## ३.१ स्रोत व्यवस्थापन

आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि गरिने स्रोत व्यवस्थापनको वार्षिक लक्ष्य र प्राप्त भएको स्रोतको अवस्थालाई निम्नानुसार देखाइएको छ।

**तालिकाः १३ स्रोतको अनुमान र यथार्थ आय (रू. हजारमा)**

| क्र.सं. | स्रोत | वार्षिक लक्ष्य | प्राप्ति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारको आन्तरिक राजस्व | १०८३०२१ | १३१८५३७ | १२१.७५ |
| २ | वित्तीय समानीकरण अनुदान | ८५४४००० | ८५४४००० | १०० |
| ३ | सशर्त अनुदान | ४२१७९१० | ५२४७८२६ | १२४.४२ |
| ४ | विशेष अनुदान | ६१३५०० | ६१३५०० | १०० |
| ५ | समपूरक अनुदान | १२२९४०० | १२२९४०० | १०० |
| ६ | राजस्व बाँडफाँट (मुल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तःशुल्क) | ७९२९१०० | ७७७७२६६ | ९८.०९ |
| ८ | रोयल्टी | ३९४६३ | ४०२२१ | १०१.९२ |
| १० | नगद मौज्दात | ६६८३०६१ | ५६८११३५ | ८५.०१ |
| जम्मा | | ३०३३९४५५ | ३०४५१८८५ | १००.३७ |

आर्थिक वर्ष २०७८/७९ मा स्रोत व्यवस्थापनमा प्रदेश सरकारको आन्तरिक राजस्व संकलन रू. १ अर्ब ८ करोड ३० लाख २१ हजार, नेपाल सरकारबाट प्राप्त हुने अनुदान रू. १४ अर्ब ६० करोड ४८ लाख १० हजार, बाँडफाँट भई प्राप्त हुने राजस्व (मुल्य अभिवृद्धि कर र अन्तःशुल्क) बापत रू. ७ अर्ब ९२ करोड ९१ लाख, रोयल्टी रू. ३ करोड ९४ लाख ६३ हजार र नगद मौज्दात रू. ६ अर्ब ६८ करोड ३० लाख ६१ हजार वार्षिक लक्ष्य राखिएकोमा समीक्षा अवधिमा रू. ३० अर्ब ४५ करोड १८ लाख ८५ हजार प्राप्त भएको छ। जुन वार्षिक लक्ष्यको १००.३७ प्रतिशत हो। आर्थिक

वर्ष २०७७/७८ को सोही अवधिमा रू. ३१ अर्ब ५ करोड ३० लाख ३९ हजार अर्थात वार्षिक लक्ष्यको ९३.०३ प्रतिशत स्रोत व्यवस्थापन भएको थियो।

गत आर्थिक वर्षको स्रोतको आय अनुमान र यथार्थ आय विवरणलाई निम्नानुसारको चित्रमा देखाइएको छ।

चित्रः ६ स्रोत अनुमान र यथार्त आयको विवरण



# परिच्छेद - ४
# अन्तर सरकारी वित्तीय हस्तान्तरण

## ४.१ प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण

### ४.१.१ वित्तीय समानीकरण अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८ मा प्रत्येक आर्थिक वर्षको भदौ १० गते, कात्तिक १० गते, माघ १० गते र वैशाख १० गते गरी चार किस्तामा वित्तीय समानीकरण अनुदान बापतको रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा प्रदेश भित्रका सबै स्थानीय तहमा वित्तीय समानीकरण अनुदान बापत कुल रू. ७२ करोड ४५ लाख विनियोजन गरिएकोमा समीक्षा अवधिसम्ममा सबै रकम हस्तान्तरण भइसकेको छ।

### ४.१.२ सशर्त अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८ को दफा ५ (१) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्न उपयुक्त हुने देखिएमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम सशर्त अनुदानको रूपमा हस्तान्तरण गर्न सकिने व्यवस्था रहेकोले गत आर्थिक वर्षमा प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहहरूलाई रु. ४७ करोड ७१ लाख ८२ सशर्त अनुदान मार्फत हस्तान्तरण गरिएको छ।

### ४.१.३ विशेष अनुदान

प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा ८३ वटा स्थानीय तहका १५७ वटा आयोजनाको लागि विशेष अनुदानतर्फ जम्मा रू. ४० करोड विनियोजन गरिएको छ। सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८ र प्रदेश विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ को व्यवस्था बमोजिम गत आर्थिक वर्षमा रु. ३४ करोड ३३ लाख १३ हजार सम्बन्धित स्थानीय तहहरूलाई हस्तान्तरण गरिएको छ।

### ४.१.४ समपूरक अनुदान

प्रदेश सरकारबाट चालु आर्थिक वर्ष मा ७९ वटा स्थानीय तहका १६८ वटा आयोजनाको लागि समपूरक अनुदानतर्फ जम्मा रू. ६० करोड विनियोजन गरिएको छ। प्रदेश समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ को दफा ६ (४) मा समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान दिँदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा चौमासिक रूपमा रकम उपलब्ध गराउने र

सोही कार्यविधिको दफा ६ (५) मा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भइरहेका आयोजना वा कार्यक्रमको प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम गत आर्थिक वर्षमा समपूरक अनुदानका कार्यक्रम कार्यन्वयन गर्न कुल रू. ३६ करोड ६७ लाख ५१ हजार हस्तान्तरण गरिएको थियो।

# परिच्छेद - ५

## वित्तीय क्षेत्र विश्लेषण

नेपालको संविधानको अनुसूची-६ मा नेपाल राष्ट्र बैंकको नीति अनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोगलाई प्रदेश सरकारको एकल अधिकार सूचीमा राखिएको छ। त्यसैगरी सहकारी क्षेत्रलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा तथा सहकारी संस्थालाई स्थानीय तहको एकल अधिकारको सूचीमा र तीनै तहको साझा अधिकारको सूचीमा समेत राखिएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत सहकारी रजिष्ट्रारको कार्यालय स्थापना भएको छ।

सहकारी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक विवरण अनुसार गत आर्थिक वर्ष २०७८/७९ सम्म प्रदेश सरकारको क्षेत्राधिकारभित्र रही CoPoMIS मा प्रविष्ट भएका सहकारीको संख्या ३०१ रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा ११ वटा नयाँ सहकारी संस्था दर्ता भएको तथ्यांक CoPoMIS मा देखिएको छ। प्रदेशको कार्यक्षेत्रभित्र रहेका ३०१ सहकारी संस्थामा कुल शेयर सदस्य संख्या ४३८९० रहेका छन। सदस्य संख्यामध्ये १६६०१ जना महिला र २७२४१ जना पुरुष रहेका छन्। यस प्रदेशको क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाको जम्मा निक्षेप रू. २ अर्ब ६७ करोड १८ लाख २५ हजार रहेको छ। उल्लिखित सबै सहकारीबाट हालसम्म रू. ३ अर्ब ४० करोड २८ हजार विभिन्न क्षेत्रमा लगानी भएको छ।

# परिच्छेद - ६
# मन्त्रालयगत प्रगति विवरण

## ६.१ प्रदेश व्यवस्थापिका

### ६.१.१ वित्तीय विवरण

प्रदेश व्यवस्थापिकाको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको खुद बजेट र समीक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार देखाइएको छ।

**तालिकाः १४ प्रदेश व्यवस्थापिकाको समीक्षा अवधिमा भएको खर्चको विवरण (रू. हजारमा)**

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| सुरु विनियोजन | १७६४६१ | ११३५० | १८७८११ |
| थपघट | २०६४ | ० | २०६४ |
| जम्मा विनियोजन | १७८५२५ | ११३५० | १८९८७५ |
| खर्च | १३१४२७ | १०४८७ | १४१९१४ |
| खर्च प्रतिशत | ७३.६२ | ९२.४० | ७४.७४ |

प्रदेश व्यवस्थापिकाको लागि आर्थिक वर्ष २०७८/७९ मा चालुतर्फ रू. १७ करोड ८५ लाख २५ हजार र पुँजीगततर्फ रू. १ करोड १३ लाख ५० हजार समेत खुद रकम रू. १८ करोड ९८ लाख ७५ हजार विनियोजन गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा चालुतर्फ रु. २० लाख ६४ हजार बजेट थप गरिएको थियो। विनियोजित खुद रकममध्ये समीक्षा अवधिमा चालुतर्फ रू.१३ करोड १४ लाख २७ हजार र पुँजीगततर्फ रू.१ करोड ४ लाख ८७ हजार समेत जम्मा रू. १४ करोड १९ लाख १४ हजार खर्च भएको थियो। समग्रमा प्रदेश व्यवस्थापिकाबाट कुल विनियोजनको ७४.७४ प्रतिशत खर्च भएको छ।

### ६.१.२ प्रमुख उपलब्धि

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश व्यवस्थापिकाबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- दार्चुला जिल्लाको सदरमुकाम खलङ्गामा माननीय सभामुख, उपसभामुख, सार्वजनिक लेखा समितिका सभापति र विषयगत समितिका सदस्यज्यूहरूको टोलीबाट जनतासँग सभामुख कार्यक्रम अन्तर्गत विभिन्न क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूसँग प्रदेश सभा र विद्यार्थी

विषयक प्रदेश सभा संसदीय गतिविधिका सम्बन्धमा दार्चुला बहुमुखी क्याम्पसमा अन्तरक्रिया कार्यक्रम गरिएको साथै प्रदेश गौरवका योजना, सुरक्षित आवास गृह, बाढीपिडित क्षेत्र र असहायक छात्रवासमा अवलोकन भ्रमण भएको ।

- प्रदेश सभा दिवसको अवसरमा कैलाली र कंचनपुर जिल्लाका विभिन्न क्याम्पसमा अध्ययनरत युवा विद्यार्थीहरूसँग प्रदेश सभा र संसदीय गतिविधी सम्बन्धी अन्तरक्रिया छलफल सम्पन्न भएको ।
- प्रदेश सभा दिवसको अवसरमा सञ्चारकर्मीहरूसँग प्रदेश सभाका कामकारवाहीका विषयमा छलफल कार्यक्रम गरिएको ।
- सचिवालयको प्रशासनिक भवनमाथि ट्रस निर्माण ।
- प्रदेश सभा भवन, माननीय सभामुख/उपसभामुख र सचिव कार्यकक्षमा मर्मत सम्भार गरिएको,
- माननीय सभामुख/उपसभामुख ज्यूबाट मधेश प्रदेश र प्रदेश नं.१ को अवलोकन भ्रमण ।
- प्रदेश सभा सचिवालयका कर्मचारीहरूबाट गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा अवलोकन भ्रमण भएको।

## ६.२ प्रदेश लोक सेवा आयोग

### ६.२.१ वित्तीय विवरण

प्रदेश लोक सेवा आयोगको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको खुद बजेट र वार्षिक खर्चको विवरण निम्नानुसार देखाइएको छ।

**तालिकाः १५ प्रदेश लोक सेवा आयोगमा विनियोजन गरिएको खुद बजेट र वार्षिक खर्चको विवरण (रू. हजारमा)**

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| सुरु विनियोजन | ८०४५४ | १४८८५ | ९५३३९ |
| थपघट | (७८०) | १२०० | ४२० |
| जम्मा विनियोजन | ७९६७४ | १६०८५ | ९५७५९ |
| खर्च | ३८०६५ | १२३०५ | ५०३७० |
| खर्च प्रतिशत | ४७.७८ | ७६.५० | ५२.६० |

प्रदेश लोक सेवा आयोगको लागि आर्थिक वर्ष २०७८/७९ मा चालुतर्फ रू. ७ करोड ९६ लाख ७४ हजार र पुँजीगततर्फ रू. १ करोड ६० लाख ८५ हजार समेत कुल रू. ९ करोड ५७ लाख

५९ हजार विनियोजन गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रु. ४ लाख २० हजार थप गरिएको थियो। विनियोजित कुल रकममध्ये समीक्षा अवधिमा चालुतर्फ रू. ३ करोड ८० लाख ६५ हजार र पुँजीगततर्फ रू. १ करोड २३ लाख ५ हजार सहित जम्मा रू. ५ करोड ३ लाख ७० हजार खर्च भएको थियो। समग्रमा प्रदेश लोक सेवा आयोगबाट कुल विनियोजनको ५२.६० प्रतिशत खर्च भएको छ।

### ६.२.२ प्रमुख उपलब्धि

गत आर्थिक वर्षमा प्रदेश लोक सेवा आयोगबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

क) प्रदेश लोक सेवा आयोगबाट तयार भएका मापदण्ड

- प्रदेश लोक सेवा आयोग परीक्षा दस्तुर एवम् खर्च व्यवस्थापन मापदण्ड,२०७८
- प्रदेश लोक सेवा आयोग बैठक संचालन कार्यविधि, २०७८
- वन रक्षक पदको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षाको लागि आवश्यक जनशक्ति, कार्य चरण तथा खर्च व्यवस्थापन मापदण्ड, २०७९

**ख)** प्रदेश लोक सेवा आयोगबाट विभिन्न सेवा, समूह, उपसमूह र तहका देहाय बमोजिमका २३ वटा पदका पाठ्यक्रमहरू स्वीकृत गरि सार्वजनिक गरिएको।

**तालिकाः १६ विभिन्न सेवा, समूह, उपसमूह र तहका स्वीकृत पाठ्यक्रमहरूको विवरण**

| सि.न. | सेवा | तह | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|
| १ | नेपाल स्वास्थ्य | चौथो | प. हे. न. | - | अ. न. मी. |
| २ | नेपाल स्वास्थ्य | चौथो | ल्याब टेक्नोलोजी | - | ल्याब असिष्टेन्ट |
| ३ | नेपाल स्वास्थ्य | चौथो | आयुर्वेद | - | वैद्य |
| ४ | नेपाल स्वास्थ्य | चौथो | हेल्थ इन्स्पेक्सन | - | अ. हे. व. |
| ५ | नेपाल स्वास्थ्य | पाँचौं | प. हे. न. | - | पब्लिक हेल्थ नर्स |
| ६ | नेपाल स्वास्थ्य | पाँचौं | जनरल नर्सिङ | - | स्टाफ नर्स |

| सि.न. | सेवा | तह | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|
| ७ | नेपाल स्वास्थ्य | पाँचौं | हेल्थ इन्स्पेक्सन | - | हे. अ. । सि.अ.हे.व. |
| ८ | नेपाल स्वास्थ्य | पाँचौं | मेडिकल ल्याब टेक्नोलोजी | - | ल्याब टेक्निसियन |
| ९ | नेपाल स्वास्थ्य | पाँचौं | आयुर्वेद | - | आयुर्वेद सहायक |
| १० | नेपाल स्वास्थ्य | पाँचौं | फार्मेसि | - | फार्मेसि सहायक |
| ११ | नेपाल कृषि | चौथो | फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट एकीकृत | - | नायव प्राविधिक सहायक वा सो सरह |
| १२ | नेपाल कृषि | चौथो | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग एकीकृत | - | नायव प्राविधिक सहायक वा सो सरह |

| सि.न. | सेवा | तह | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|
| १३ | नेपाल कृषि | चौथो | फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट एकीकृत | - | ना.प्रा.स. |
| १४ | नेपाल कृषि | पाँचौं | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग एकीकृत | - | प्रा.स. |
| १५ | नेपाल वन | पाचौं | जनरल फरेष्ट्री, स्वायल एण्ड बाटर कञ्जरभेशन र फरेष्ट रिसर्च एकीकृत | - | रेन्जर |
| १६ | नेपाल वन | तह वहिन | जनरल फरेष्ट्री, | - | वनरक्षक |
| १७ | नेपाल शिक्षा | पाचौं | शिक्षा प्रशासन | निरीक्षण | प्राविधिक सहायक |

| सि.न. | सेवा | तह | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|
| १८ | नेपाल इन्जिनियरिङ | पाचौं | सिभिल | जनरल, हाईवे, स्यानीटरी, इरिगेशन, हाइड्रोपावर, हाइड्रोलोजी | सव इन्जिनियर वा सो सरह |
| १९ | नेपाल इन्जिनियरिङ | पाचौं | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | सव इन्जिनियर वा सो सरह |
| २० | नेपाल इन्जिनियरिङ | चौथो | सिभिल | जनरल, हाईवे, इरिगेशन, हाइड्रोपावर, हाइड्रोलोजी | असिष्टेण्ट सव इन्जिनियर वा सो सरह |
| २१ | नेपाल इन्जिनियरिङ | चौथो | सिभिल | स्यानिटरी | खानेपानी तथा सरसफाइ टेक्निसियन |
| २२ | नेपाल इन्जिनियरिङ | चौथो | सर्भे | | अमिन |
| २३ | नेपाल इन्जिनियरिङ | पाचौं | सर्भे | | सर्भेक्षक |

**ग) विज्ञापन भएका पदहरू**

**तालिकाः १७ विभिन्न सेवा, समूह, उपसमूह र तहका विज्ञापन भएका पदहरूको विवरण**

| क्र.सं. | बिज्ञापन नं. | पद, सेवा, समूह र उपसमूह | खुला | समावेशी | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | ५०१-५०७/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | ९२ | ७५ | १६७ |
| २ | ५०८-५१२/०७८-७९ | प्राविधिक सहायक, नेपाल शिक्षा, शिक्षा प्रशासन | ७ | ५ | १२ |
| ३ | ५१३-५१६/०७८-७९ | अ.न.मी ,स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | ३ | ३ | ६ |
| ४ | ५१७/०७८-७९ | वैद्य,स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | १ | ० | १ |
| ५ | ५१८-५२०/०७८-७९ | ल्याबअसिस्टेण्ट,स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | २ | २ | ४ |
| ६ | ५२१-५२५/०७८-७९ | अ.हे.व./कोल्डचेन असिष्टेण्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | १० | ८ | १८ |
| ७ | ५२६-५३०/०७८-७९ | अ.न.मी ,स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | ८५ | ५८ | १४३ |
| ८ | ५३१/०७८-७९ | ल्याबअसिस्टेण्ट,स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | १ | | |
| ९ | ५३२-५३६/०७८-७९ | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | ५३ | ४० | ९३ |
| १० | ५३७-५३९/०७८-७९ | सब-इञ्जिनियर, इञ्जि., सिभिल, जनरल/हाइवे | ३ | १ | ४ |
| ११ | ५३९-५४१/०७८-७९ | सब-इञ्जिनियर, इञ्जि., सिभिल, बिल्डिङ एण्ड आर्किटेक्ट | २ | २ | ४ |
| १२ | ५४२-५४४/०७८-७९ | खानेपानी तथा सरसफाई टेक्निसियन,इञ्जि. सेवा, सिभिल, स्यानिटरी | २ | २ | ४ |

| क्र.सं. | बिज्ञापन नं. | पद, सेवा, समूह र उपसमूह | खुला | समावेशी | कुल जम्मा |
|---|---|---|---|---|---|
| जम्मा | | | २६१ | १९६ | ४५७ |

## घ) प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी कार्यको विवरण

तालिकाः १८ विभिन्न सेवा, समूह, उपसमूह र तहका प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी कार्यको विवरण

| क्र.सं.. | पद, सेवा, समूह | कच्चा प्रश्नपत्र सेट | परिमार्जन सेट |
|---|---|---|---|
| १ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | ५ | ३ |
| २ | प्राविधिक सहायक, नेपाल शिक्षा, शिक्षा प्रशासन | ५ | ३ |
| ३ | अ.न.मी ,स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | ५ | ३ |
| ४ | वैद्य,स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | ५ | ३ |
| ५ | ल्याबअसिस्टेण्ट,स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | ५ | ३ |
| ६ | अ.हे.व./कोल्डचेन असिष्टेण्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | ५ | ३ |
| ७ | अ.न.मी ,स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | ५ | ३ |
| ८ | ल्याबअसिस्टेण्ट,स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | ५ | ३ |
| ९ | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | ५ | |
| १० | सब-इञ्जिनियर, इञ्जि., सिभिल, जनरल/हाइवे | ५ | |
| ११ | सब-इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ एण्ड आर्किटेक्ट | ५ | |
| १२ | खानेपानी तथा सरसफाई टेक्निसियन,इञ्जि. सेवा, सिभिल, स्यानिटरी | ५ | |

## ङ) आयोगबाट प्रकाशित विज्ञापनको परीक्षा कार्यक्रम

**तालिकाः १९ विभन्न सेवा, समूह, उपसमूह र तहका प्रकाशित विज्ञापनको परीक्षा कार्यक्रमको विवरण**

| क्र.सं. | बिज्ञापन नं | पद, सेवा, समूह | लिखित परीक्षा मिति | समय |
|---|---|---|---|---|
| १ | ५०१-५०७/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षा सम्पन्न | |
| | ५०१-५०७/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | २०७९।५।११ | ११०० बजे |
| २ | ५०८-५१२/०७८-७९ | प्राविधिक सहायक, नेपाल शिक्षा, शिक्षा प्रशासन | २०७९।५।२५ | ११०० बजे |
| ३ | ५१३-५१६/०७८-७९ | अ.न.मी ,स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | २०७९।६।५ | ८०० बजे |
| ४ | ५१७/०७८-७९ | वैद्य, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | २०७९।६।१ | २०० बजे |
| ५ | ५१८-५२०/०७८-७९ | ल्याब असिस्टेण्ट,स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | २०७९।६।८ | ८०० बजे |
| ६ | ५२१-५२५/०७८-७९ | अ.हे.व./कोल्डचेन असिष्टेण्ट, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | | |
| ७ | ५२६-५३०/०७८-७९ | अ.न.मी ,स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | २०७९।६।१ | ८०० बजे |
| ८ | ५३१/०७८-७९ | ल्याब असिस्टेण्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | २०७९।६।९ | ८०० बजे |

**च) शारिरीक परीक्षण तथा तन्दरुस्ती परीक्षा संचालन**

- नेपाल वन सेवा,जनरल फरेष्ट्री समूह, तह विहीन वनरक्षक पदको विज्ञापन प्रकाशित गरि अनलाईन दरखास्त मार्फत दरखास्त फारम भरि स्वीकृत भएका ३५०१८ जना उम्मेदवारहरूको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षा सशस्त्र प्रहरी बल नेपाल नं.७ मुख्यालय वैद्यनाथ बाहिनी आत्तरिया, कैलाली र सशस्त्र प्रहरी बल नेपाल नं.४३ रिजर्व गण हे.क्वा. वनबेहडा, कैलालीको विशेष सहयोगमा मिति २०७९।३।४ गते देखि २०७९।३।२४ गते सम्म निरन्तर संचालन भएको थियो ।
- शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा दुवै केन्द्रमा गरी जम्मा १४९६० जना उम्मेदवारहरूको सहभागिता रहेको थियो भने १४९६० जना उम्मेदवारहरूमध्ये क्रमशः

शारीरिक परीक्षण, २०० मिटर दौड, ३००० मिटर दौड, रुख चढ्ने र पौडी खेल्ने परीक्षामा सफल हुदै ६५९० जना उम्मेदवारहरू लिखित परीक्षाका लागि छनौट भएका थिए।

**छ) अन्य कार्यहरू**

- प्रदेश लोक सेवा आयोगको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने कार्य सम्पन्न भएको ।
- दक्षविज्ञहरूको रोष्टर तयार गर्ने प्रयोजनका लागि अनलाईन फाराम बनाई दक्ष विज्ञ मनोनयन फाराम सङ्कलन गरेर रोष्टर सूची तयार गरिएको ।
- प्रदेश तथा स्थानीय तहहरूमा रिक्त रहेका दरबन्दी विवरणहरू, माग आकृति फाराम भरि माग गर्न प्रदेश सरकार र सबै स्थानीय तहमा पत्राचार भएको ।
- विद्युतीय प्रणालीबाट दरखास्त व्यवस्थापन गर्न अनलाइन एप्लिकेसन (PPSRMS) निर्माण भएको ।
- सूचना प्रविधिमा आधारित सीप परीक्षण तथा प्रयोगात्मक परीक्षा संचालनका लागि कम्प्युटर प्रयोगशाला स्थापना ।
- आयोग लगायत विषयविज्ञ/ विशेषज्ञहरूका लागि पुस्तकालय व्यवस्थापन गरिएको ।
- मिति २०७८ असोज ८ गते आयोगको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रदेश प्रमुखज्यूसमक्ष पेश भएको।

## ६.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ६.३.१ वित्तीय विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण निम्नानुसार छ।

**तालिकाः २० मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण (रू. हजारमा)**

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| सुरु विनियोजन | ३६३७९९ | १०८६४२५ | १४५०२२४ |
| थपघट | (५६८२५) | (९९८६१७) | (१०५५४४२) |
| जम्मा विनियोजन | ३०६९७४ | ८७८०८ | ३९४७८२ |
| खर्च | १६३५४६ | २८७४९ | १९२२९५ |
| खर्च प्रतिशत | ५३.२८ | ३२.७४ | ४८.७१ |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि आर्थिक वर्ष २०७८/७९ मा चालुतर्फ रू. ३० करोड ६९ लाख ७४ हजार र पुँजीगततर्फ रू. ८ करोड ७८ लाख ८ हजार समेत खुद रू. ३९ करोड ४७ लाख ८२ हजार विनियोजन गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा प्रदेश पुर्वाधार विकास कार्यक्रम लगायतको पुँजीगत बापतको रकम रु. १ अर्ब ५ करोड ५४ लाख ४२ हजार घटी भएको थियो। विनियोजित रकममध्ये चालुतर्फ रू. १६ करोड ३५ लाख ४६ हजार र पुँजीगततर्फ रू. २ करोड ८७ लाख ४९ हजार गरी कुल रू. १९ करोड २२ लाख ९५ हजार खर्च भएको थियो। उक्त कार्यालयबाट खुद विनियोजनको ४८.७१ प्रतिशत रकम खर्च भएको थियो।

### ६.३.२ प्रमुख उपलब्धि

आर्थिक वर्ष २०७८/७९ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन भएका मुख्य-मुख्य कार्यक्रमहरू र सोबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- सुदूरपश्चिम प्रदेशको विद्युतीय शासन गुरूयोजना निर्माण भएको ।
- इ-क्याबिनेट सफ्ट्वेयर निर्माण गरिएको ।
- सुदूरपश्चिम प्रदेशको डिजिटल प्रोफाइल निर्माण भएको ।
- प्रदेश मन्त्रालय/कार्यालयको वेवसाइट निर्माण तथा स्तरोन्नती गरिएको ।
- सार्वजनिक सुनुवाई (प्रदेश-३ तथा स्थानीय -३५) कार्यक्रम सम्पन्न भएको ।
- दिगो विकास लक्ष्यको स्थानीयकरण कार्यशाला सम्पन्न भएको ।

- विकास साझेदारसँग अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरिएको ।
- ऐन संग्रह प्रकाशन भएको ।
- प्रदेश सरकारको आ.व. २०७९।८० को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको ।
- सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान नियमावली र प्रदेश सुशासन नियमावली तयारीको चरणमा रहेको ।
- प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधानको व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गरिएको ।
- विभिन्न ऐन नियमहरूमा समसामयिक संशोधन गरिएको।



## ६.४. आर्थिक मामिला मन्त्रालय

### ६.४.१ वित्तीय विवरण

आर्थिक मामिला मन्त्रालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको खुद बजेट र समीक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

**तालिकाः २१ आर्थिक मामिला मन्त्रालयको खुद बजेट र समीक्षा अवधिमा भएको खर्चको विवरण (रू. हजारमा)**

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| सुरु विनियोजन | २१७८८६ | ८५४३७ | ३०३३२३ |
| थपघट | ९९०० | ४६४० | १४५४० |
| जम्मा विनियोजन | २२७७८६ | ९००७७ | ३१७८६३ |
| खर्च | ८४०३८ | ४२४६३ | १२६५०१ |
| खर्च प्रतिशत | ३६.८९ | ४७.१४ | ३९.८० |

आर्थिक मामिला मन्त्रालयको लागि आर्थिक वर्ष २०७८/७९ मा चालुतर्फ रू. २२ करोड ७७ लाख ८६ हजार र पुँजीगततर्फ रू. ९ करोड ७७ हजार समेत खुद बजेट रु. ३१ करोड ७८ लाख ६३ हजार विनियोजन गरिएकोमा उक्त आर्थिक वर्षमा रु. १ करोड ४५ लाख ४० हजार थप गरिएको थियो। विनियोजित रकममध्ये समीक्षा अवधिमा चालुतर्फ रू. ८ करोड ४० लाख ३८ हजार र पुँजीगततर्फ रू. ४ करोड २४ लाख ६३ हजार सहित कुल रू. १२ करोड ६५ लाख १ हजार खर्च भएको थियो। समग्रमा यस मन्त्रालयबाट खुद विनियोजनको ३९.८० प्रतिशत खर्च भएको थियो।

### ६.४.२ प्रमुख उपलब्धि

आर्थिक मामिला मन्त्रालयबाट आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन-

(क) २०७८/७९ मा मन्त्रालयले सञ्चालन गरेका स्वीकृत वार्षिक विकास कार्यक्रमः

- दार्चुला र बैतडी जिल्लामा बजेट तर्जुमा सम्बन्धी PLMBIS तालिम सञ्चालन गरेको ।
- वार्षिक विकास कार्यक्रमको अनुगमन कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट सञ्चालित भौतिक पूर्वाधार विकास मन्त्रालय तथा स्थानीय तहबाट कार्यान्वयन भएका आयोजना तथा कार्यक्रमको अनुगमन गरेको।

- मन्त्रालयको वित्तीय संघीयता अध्ययन भ्रमण कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश अर्थ मन्त्रालयमा वित्तीय संघीयता सम्बन्धी छलफल, अन्तरक्रिया एवम् ज्ञान आदानप्रदान कार्यक्रम मिति २०७८ फागुन महिनामा सम्पन्न भएको।
- पूर्व बजेट छलफल कार्यक्रम अन्तर्गत प्रदेश सभाका विषयगत समिति, प्रदेश सभाका माननीयज्यूहरू, स्थानीय तह, पत्रकार तथा आमसञ्चार, नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिसँग पूर्वबजेट छलफल गरिएको।
- बजेट कार्यान्वयनको चौमासिक, मध्यावधि र वार्षिक समीक्षा कार्यक्रम अन्तर्गत विभिन्न मितिमा आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयनको चौमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको। मिति २०७८ फागुन महिनामा अर्धवार्षिक समीक्षा गरी पुस्तिका छपाई एवम् प्रकाशन गरिएको।
- कानून तर्जुमा तथा प्रकाशन कार्यक्रम अन्तर्गत सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक, २०७९, सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७९ तर्जुमा गरेको। यस्तै, बजेट कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधिको मस्यौदा तर्जुमाको क्रममा रहेको।
- सुप Apps, सुप छायाचित्र, प्रदेश तथ्यांक केन्द्र कार्यक्रम अन्तर्गत सुदूरपश्चिम प्रदेशको Video Documentary निर्माण सम्बन्धी कार्य भएको।
- भवन निर्माण कार्यक्रम अन्तर्गत मन्त्रालयको Prefab Building निर्माणको लागि खरिद प्रक्रिया अघि बढेको।
- सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको स्वीकृत वार्षिक विकास कार्यक्रमहरू अन्तर्गत प्रदेशका विभिन्न स्थानीय तहहरूमा सीपमूलक तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न भएको।
- सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष कर्जा कार्यविधिको मस्यौदाउपर प्रदेश सभा सदस्यहरू र समिति गठन गरी सरोकारवालाहरूसँग छलफल तथा राय सुझाव संकलन गरी कर्जा कार्यविधि तर्जुमा एवम् स्वीकृत भएको।
- सीप विकास कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा तर्जुमा गरिएको।

(ख) मन्त्रालयबाट सम्पादन भएका अन्य कार्यहरुः

- प्रदेश लेखा इकाई कार्यालय स्थापना (डोटी, डडेल्धुरा र कञ्चनपुर जिल्लाहरू) का लागि संरचना र दरवन्दी तेरिज सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश भई मिति २०७८/६/१४ मा स्वीकृत भएबमोजिम डोटी, डडेल्धुरा र कञ्चनपुर जिल्लाहरूमा प्रदेश लेखा इकाई कार्यालय स्थापना भई कामकाज सुरु भएको।

- फर्म नवीकरण गर्ने समयावधि र जरिवाना मिनाह गर्ने सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश भई मिति २०७८/९/८ मा स्वीकृत भएको ।
- जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट दिने सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश भई मिति २०७८/९/२९ मा स्विकृति प्रदान भएको।
- आर्थिक वर्ष २०७९/८० को लागि राजस्व परामर्श समिति तथा उपसमितिहरू गठन भई राजस्व परामर्श समितिको प्रतिवेदन, २०७९ ले आर्थिक ऐन, २०७९ तर्जुमामा थप पृष्ठपोषण प्राप्त भएको ।
- आर्थिक वर्ष २०७९/८० को लागि प्रदेश सरकारबाट स्थानीय तहहरूलाई समपूरक तथा विशेष अनुदान उपलब्ध गराइएको।
- आर्थिक वर्ष २०७८/७९ सम्म यस मन्त्रालयको बेरुजु शून्य रहेको।
- प्रदेश स्वरोजगार विकास कोष स्थापना भई कार्यकारी निर्देशकको नियुक्ति भई कोषको कार्य अघि बढेको ।

## ६.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ६.५.१ वित्तीय विवरण

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको खुद बजेट (थपघट सहित) र खर्चको विवरण निम्नानुसार छ।

**तालिकाः २२ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण (रू. हजारमा)**

| विवरण | चालु | पुंजीगत | जम्मा |
|---|---|---|---|
| सुरु विनियोजन | ९१२०३२ | १२०१८०९ | २११३८४१ |
| थपघट | ४०१५७ | १०५७९३ | १४५९५० |
| जम्मा विनियोजन | ९५२१८९ | १३०७६०२ | २२५९७९१ |
| खर्च | ६६७१६७ | १०६०५९५ | १७२७७६२ |
| खर्च प्रतिशत | ७०.०७ | ८१.११ | ७६.४६ |

उद्योग, पर्यटन, वन तथा वातावरणको लागि आर्थिक वर्ष २०७८/७९ मा चालुतर्फ रू. ९५ करोड २१ लाख ८९ हजार र पुँजीगततर्फ रू. १ अर्ब ३० करोड ७६ लाख २ हजार समेत कुल रू. २ अर्ब २५ करोड ९७ लाख ९१ हजार विनियोजन गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रु. १४ करोड ५९ लाख ५० हजार थप गरिएको थियो। विनियोजित रकममध्ये समीक्षा अवधिमा चालुतर्फ रू. ६६ करोड ७१ लाख ६७ हजार र पुँजीगततर्फ रू. १ अर्ब ६ करोड ५ लाख ९५ हजार सहित कुल रू. १ अर्ब ७२ करोड ७७ लाख ६२ हजार खर्च भएको थियो। उक्त मन्त्रालयबाट कुल विनियोजनको ७६.४६ प्रतिशत खर्च भएको थियो।

### ६.५.२ प्रमुख उपलब्धि

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धि निम्नानुसार रहेका छन्-

(क) नीतिगत उपलब्धि

- मन्त्रालय र मातहतका निकायहरूको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिएको ।
- सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८ स्वीकृत भएको ।
- प्रादेशिक पर्यटन विकास गुरुयोजना तयार गर्ने कार्य सम्पन्न भएको ।

(ख) वन क्षेत्र तर्फका उपलब्धि

**तालिकाः २३ वन क्षेत्र तर्फका उपलब्धिको विवरण**

| क्र.सं. | विवरण | एकाइ | जम्मा |
|---|---|---|---|
| १ | काठ उत्पादन | क्यूविक फिट | ९७४४१७ |
| २ | दाउरा उत्पादन | चट्टा | १५७० |
